## बिजुली चोरलाई गृहले तह लगाउने

काठमाडौं । नेपाल विद्युत प्राधिकरणमा कुलमान घिसिङले नेतृत्व सम्हालेपछि थुप्रै सुधारका कार्यहरु भए तापनि बिजुली चोरलाई तह लगाउन भने अझै सकिरहेका छैनन् । नांगो तारमा हुकिङ गरेर तथा केही ठूला उद्योग, कलकारखानाले प्राधिकरणकै कर्मचारीसँगको मिलेमतोमा समेत बिजुली चुहावट गर्ने धन्दा गर्दै आएका छन् । प्राधिकरणको प्रणालीबाट २० प्रतिशतसम्म बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## विवादमा सञ्चार मन्त्री


काठमाडौं । लामो समयसम्म पत्रकारितामा बिताएका व्यक्ति गोकुल बास्कोटा सञ्चारमन्त्री बन्दा प्रेस जगतमा खुसियाली छाएको थियो । उनको कार्याकालमा नेपाली प्रेसले नयाँ फड्को मार्ने विश्वास गरिएको थियो । पत्रकारहरुको आशा र भरोसा विपरीत मन्त्री बास्कोटा पत्रकारमाथि नै खनिन थालेको खबर सार्वजनिक हुन् पक्कै पनि राम्रो होइन । बाँकी ८ पेजमा

वर्ष ७ अंक ९, २०७५ साल असार १ गते शुक्रबार, नेपाल संवत् ११३८ (June 15, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# ओलीको पानीजहाजी सपना : कोसीमा उच्च बाँध

नेपाल र भारतबीच जलमार्ग बनाउने विषय सन् १९९७ देखि नै महत्वका साथ उठाइएको मामला हो । तत्कालीन भारतीय प्रधानमन्त्री इन्दरकुमार गुजराल नेपाल भ्रमणमा आउँदा यस विषयमा छलफल भएको थियो । अध्ययन गर्ने भनेर संयुक्त विज्ञप्तिमा उल्लेख थियो । प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणमा भएको र ठूलो चर्चा पाएको विषय हो- नेपालका सप्तकोशी, कर्णाली र गण्डकीमा पानीजहाज कुदाउने । सुन्दा सुन्दर लाग्ने र ओलीका सपनासँग मेल खाने जलमार्ग निर्माण गरेर समुद्रसँग नेपालको पहुँच विस्तार गर्ने विषय संयुक्त वक्तव्यमा उल्लेख गरिएको छ । यसमा भारतको प्रमुख चासो बाढी नियन्त्रण, सिंचाइ र नेपाली पहाडी क्षेत्र डुबानमा पार्ने रहेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका सगरमाथादेखि सागरसम्म लिंक गर्ने बृहत योजना र नेपालका प्रधानमन्त्री ओलीको पानीजहाज सपना पूरा गर्न कोसीको चतरामा २६९ मिटर अग्लो बाँध ठडिने भएको छ । ओली र मोदीबीच भएको जहाजी हस्ताक्षरका पछाडि चतरामा अग्लो बाँध बनाउनैपर्ने हुन्छ । भारतले वर्षौं पहिलेदेखि सप्तकोसीमा उच्च बाँध बनाउन माग गर्दै आएको थियो । त्यसलाई ओलीको जहाज सपनाले सम्बोधन गरिदिएको छ ।

चतरामा उच्च बाँध ठड्याएर त्यहाँबाट गंगासम्म करिब २०० किलोमिटर लामा फराकिला नहर बनाएर पानी बगाउने र तिनै नहरबाट पानीजहाजी कार्गोहरु कलकत्ताबाट नेपाल ल्याउने सपना अन्तरनिहित छन् । कोसीको अहिलेको बहाव हिउँदमा जति दक्षिण गयो त्यति फैलँदै र पानीको गहिराइ पातलिँदै जाने भएकाले नदीकै प्रवाहबाट पानीजहाज चलाउन सकिँदैन । पानीजहाजको आगमनका लागि कम्तीमा ९ फिट गहिरो पानीको सतह चाहिन्छ । त्यस्तो अवस्थाका लागि पानी नियन्त्रित अवस्थामा छाड्नुपर्ने हुन्छ । उच्च वेगमा उत्तरबाट दक्षिण बहने कोसीमा त्यस्तो नियन्त्रित पानी बगाउन प्राविधिक हिसाबले सम्भव नभएकाले नहर आवश्यक हुन्छ । चतरामा अग्लो बाँध बनाएर पानी जम्मा गर्ने, कोलकत्ताबाट पानीजहाजका कार्गो चतरामा उतार्ने, जेटस्मिटर चलाएर चतराबाट तीन घन्टामा



दोलालघाट ओर्लिने ओलीका सपना पूरा भए बिजुली बेचेर खर्बौं आम्दानी गर्ने मूल्यमा चतरादेखि खोटाङसम्मको भूभाग तलाउ बन्न जान्छ । पहाडका लाखौं हेक्टर बेसी तलाउमा पुरिन्छन् भने हजारौं नेपाली परिवारको उठिबास हुन्छ । भारतको चाहना उच्च बाँध हो जो उसले ६० वर्षदेखि प्रत्यक्ष/परोक्ष रुपमा अघि सर्दै आएको छ । अहिले आएर भारतको त्यस्तो चाहना पूरा गर्न ओलीका पानीजहाजी सपनाले भूमिका खेलेको विज्ञहरु बताउँछन् । प्रधानमन्त्री ओलीले देखेको पानीजहाजको सपना र भारतको बृहत योजनामा रहेको रिभर. इन्टरलिंकिङ, कोसीको बाढीको कहरबाट बिहार जोगाउने योजना र बिहारको मैदानमा सिंचाइ प्रणाली फैलाउने स्वार्थ छन् ।

नेपालका कोसी, गण्डकी र कर्णाली नदीमा अन्तरदेशीय स्थानीय जलमार्ग सञ्चालनको सम्भावना भए पनि कसरी जलमार्ग बनाउन सकिन्छ भनेर विस्तृत अध्ययन भएको छैन । कट्स इन्टरनेसनलको एक अध्ययनले कोसी, कर्णाली र गण्डकी हुँदै गंगासम्म अन्तरदेशीय जलमार्ग बनाउन सकिने देखाएको छ । यी नदीबाट गंगासम्म जलमार्ग बन्ने र सो जलमार्ग गंगा हुँदै कोलकत्ता र हल्दियासम्म जोडिन्छ । भारतले हल्दियाबाट इलाहाबादसम्म गंगा नदीमा जलमार्ग निर्माण गरिरहेको छ । नेसनल वाटरवेज १ नाम दिइएको सो जलमार्गको वाराणसीसम्मको खण्ड सन् २०१८ को अन्त्यसम्ममा सम्पन्न हुने लक्ष्य राखिएको छ । यो परियोजनाका लागि विश्व बैंकले समेत सहयोग गरेको छ । निर्माण सम्पन्न भएपछि वाराणसीसम्म १५ सयदेखि २ हजार टनसम्मका पानीजहाज आउन सक्नेछन् । अर्थात् १५ सयदेखि २ हजार टनसम्मका पानीजहाज आउन सक्नेछन् । हल्दिया बन्दरगाहसम्म ठूला जहाज (मदर भेसल) आउन सक्छन् भने कोलकातासम्म ४ सय कन्टेनर बोक्ने जहाज आउन सक्छन् । तर नेपालका नदीमा कुन प्रकारको जहाज आउन सक्छन् भन्ने बारेमा अध्ययन नै भएको छैन । नेपालमा जलमार्ग बनाउने विषयमा राजनीतिक तहमा सहमति भए पनि प्राविधिक तहमा बाँकी ८ पेजमा

## राकेशले नक्कली हार्डवेयर पनि बुझाएनन्

काठमाडौं । नेपाल विद्युत प्राधिकरणमा झोले ठेकेदारका रुपमा छिरेर छोटो समयमै 'डन' ठेकेदार बन्न पुगेका आर के इन्टरनेसनलका प्रोपाइटर राकेश अग्रवालले प्राधिकरणभित्रका क्षेत्रीय तथा केन्द्रीय स्तरका सम्पूर्ण ठेक्का सेटिङमा मिलाई नक्कली सामान सप्लाई गर्ने गरेका छन् ।

विगतमा नक्कली पोल, विद्युत हार्डवेयर तथा इन्सुलेटर सप्लाई गरे पनि यसपल्ट देशभरि ठेक्का पारेका राकेशले प्राधिकरणमा समयमा नक्कली सामान पनि नदिएपछि कर्मचारीहरुको निद हराम भएको छ ।

देशभरिका क्षेत्रीय कार्यालयहरुमा विद्युतिकरणका लागि आवश्यक हार्डवेयर सप्लाई गर्न ठेक्का लिएर मोबिलाइजेसन बाँकी ८ पेजमा

## ओलीले माग्लान् तेल र रेल ?

काठमाडौं । प्रधानमन्त्री केपी ओली आगामी असार ५ गते ६ दिन लामो चीनको औपचारिक भ्रमणमा निस्कँदैछन् । यसअघि ओलीले भारतको भ्रमण गरेका थिए । भारत भ्रमणमा जानुअघि संघीय संसदलाई आफ्नो भ्रमणबारे जानकारी गराउँदै उनले राष्ट्रिय महत्वका कुनै पनि विषयमा सम्झौता नहुने बताएका थिए । तर ओलीले भारतबाट पानीजहाज र रेलको सपना बोकेर आए । समुद्रसम्म जलमार्गको पहुँचमा नेपाललाई ओलीले पुऱ्याएको श्यालहुइया ओली निकट छापाहरुले मच्चाइरहेका छन् । सम्भाव्यता अध्ययनबिनै पानीजहाजको कुरा गर्नु, जलमार्गको आवश्यकताबारे कुनै बहस नगरी घुमाउरो तवरले भारतको पानी राजनीतिलाई ओलीले सम्बोधन गरे । मोदी नेपाल भ्रमणमा आउँदा भारतलाई अरुण तेस्रो जलविद्युत परियोजना पनि उनले सुम्पिए ।

अब ओलीले चीनसँग के नयाँ सम्झौता गर्नेछन् ? भन्ने सर्वत्र जिज्ञासा छ । भारतले नेपालमाथि नाकाबन्दी बाँकी ८ पेजमा

## देश झनै परनिर्भर

काठमाडौं । निराशाजनक नियति र उच्च आयातले चालू आर्थिक वर्षको दश महिनामा व्यापारघाटा ९ खर्ब पुगेको छ । अघिल्लो वर्षको १० महिनाको तुलनामा करिब २२ प्रतिशतले वृद्धि भई व्यापारघाटा ९ खर्ब १५ अर्ब ९० करोड रुपैयाँ पुगेको हो । भन्सार विभागका अनुसार बैशाखसम्म १ लाख ५२ मुलुकबाट ९ खर्ब ८२ अर्ब ५४ करोड ५९ लाख ४४ हजार रुपैयाँका सामग्री आयात भएका छन् । आयात रकमको ६ दशमलव ७८ प्रतिशत अर्थात् ६६ अर्ब ६४ करोड ५६ लाख २७ हजार रुपैयाँ बराबरको मात्र निर्यात भएको छ । निर्यात वृद्धिदर ९ दशमलव ३४ प्रतिशत मात्रै छ भने आयात २१ दशमलव ७१ प्रतिशत छ । यस तथ्यांकले सरकारका निर्यात वृद्धिका प्रयासहरुले सार्थकता पाउन नसकेका र मुलुक आयातमा झन् परनिर्भर बन्दै गएको देखाउँछ । बाँकी ८ पेजमा

## २१ औं विश्वकप सुरु

काठमाडौं । विश्वकप फुटबल हिजोदेखि रसियाको मस्कोमा सुरु भएको छ । खेलमा ३२ देश सहभागी छन् । सहभागी देशले लिग कम नकआउटका आधारमा प्रतिस्पर्धा गर्नेछन् । सहभागी टोली ८ समूहमा विभाजित छन् । जुलाई १५ सम्म चल्ने प्रतियोगितामा जम्मा ६४ खेल हुनेछन् । विश्वकपमा युरोपबाट आयोजक रसियासहित बेल्जियम, जर्मनी, इङ्ल्यान्ड, स्पेन, पोल्यान्ड, आइसल्यान्ड, सर्बिया, फ्रान्स, पोर्चुगल, स्विट्जरल्यान्ड, क्रोएसिया, स्विडेन र डेनमार्क गरि १४ देश सहभागी छन् । एसियाबाट इरान, दक्षिण कोरिया, जापान, साउदी अरेबिया र अस्ट्रेलिया तथा बाँकी ८ पेजमा

## बढ्दो महँगीसँगै जनस्वास्थ्यमा खेलबाड

काठमाडौं । सरकारले आर्थिक वर्ष २०७५।७६ को बजेटमार्फत विलासीजन्य केही वस्तुमा कर बढाएको केही वस्तुहरुमा सरकारले दिँदै आएको मूल्य अभिवृद्धि कर (भ्याट) फिर्ता दिने प्रचलन रोकेपछि व्यापारीले यसैलाई बहाना बनाएर बजारमूल्य बढाएका छन् । कर तिरेर पहिले नै भण्डारण गरेका सामग्रीको मूल्य समेत ह्वात्तै बढाइएको छ । कुनै वस्तु तथा सेवामा सरकारले करको दर बढायो वा पहिलो पटक करको दायरा ल्यायो भने ती वस्तु तथा सेवाको मूल्य केही रुपमा बढ्नु स्वाभाविक हो । तर व्यापारीहरुले १३ प्रतिशत भ्याट फिर्ताको सुविधा खारेज हुँदा सो प्रतिशतभन्दा बढी मूल्य बढाएका छन् । बजेटले कुनै पक्षलाई नछोएको वस्तु तथा सेवाको मूल्य पनि त्यसैगरी बढाइएको छ । सामानमा मूल्य बढाउने मात्र होइन, व्यापारीहरुले गुणस्तरमा पनि उपभोक्तालाई त्यत्तिकै ठगी गरिरहेका छन् । बजारमा जुनसुकै वस्तु पनि खरिद गर्न हिच्किचाउनुपर्ने अवस्था छ ।



उपभोक्तालाई मूल्य कम गरेको बहानामा भ्याट छुट बापत बर्सेनि कम्तीमा ५० अर्ब रुपैयाँ लुट्ने काम भएको छ । राजनीतिक दलका नेता कार्यकर्ता र कर्मचारीसँग साँठगाँठ गरेर भ्याट फिर्ताको सुविधा लिन सफल व्यापारीहरु भ्याट छुट प्रचलन खारेज गरिएपछि तिर्मिराएका बाँकी ८ पेजमा

## सम्पदामाथि आक्रमण




काठमाडौं । भारतले नेपालको सीमा मिच्दा आखामा पट्टी र कानमा तेल हालेर पस्ने गणतन्त्रको सरकार र यसको सेना अब आफ्नै देशको अमूल्य निधि सांस्कृतिक सम्पदा माथि जाइ लाग्न शुरु गरेको छ । कुरा लगनखेल स्थित बटुक भैरव मन्दिर र यसको परिसरको हो । यस मन्दिरको ठीक पछाडि नेपाली सेनाले नाफामूलक व्यापार गर्ने उद्देश्यले चलाएको पेट्रोल बाँकी ८ पेजमा

**समय-सन्दर्भ**

## अबको आवश्यकता विकास र समृद्धि

■ उपेन्द्र झा

दुई कम्युनिष्ट पार्टी मिलेर संसदमा शक्तिशाली पार्टीको रुपमा स्थापित नेपाल कम्युनिष्ट पार्टी राज्यसत्तामाथि प्रभुत्व जमाउन सफल भएको छ । कांग्रेस नेतृत्वको सरकारमा शक्तिकेन्द्रहरुलाई साक्षी राखी स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको चुनावमा अप्रत्याशित रुपमा हासिल गरेको जीतले एमाले पहिलो पार्टी बन्यो । अहिले माओवादी केन्द्रसंग एकता गरी राज्यसत्तामाथि वर्चस्व नै कायम गरेको छ । संसदमा २७५ संसद सदस्यमध्ये १ सय ७४ सदस्य नेकपासँग छ । राष्ट्रिय सभामा पनि ५९ सीटमध्ये नेकपाले ४२ सीट हासिल गरेको छ । ६ वटा प्रदेशमा दुईतिहाई छ भने प्रदेश नं.२ मा ठूलो दलको रुपमा रहेको छ ।

एकताका दिन प्रधानमन्त्री के.पी.शर्मा ओलीको सम्बोधनमा "यो एकता दमनका लागि होइन, विकासका लागि हो" भन्ने वाक्यांशमा सशक्तताको उन्माद त्यसै पनि झल्किरहेको थियो । दमन शब्द प्रयोगको कुनै अर्थ नै थिएन । जसरी अन्तर्मनबाट खुशी निस्किरहेको थियो, त्यसरी नै शक्तिको अहंकार पनि बाहिर आइरहेको थियो । नेपालमा सबभन्दा ठूलो नेपाल कम्युनिष्ट पार्टी बनाउन सफल भएको के.पी. शर्मा ओलीले इतिहास रचेकोबाट अभिमान हुनु स्वाभाविक हो ।

नेपाली राजनीतिको नेतृत्वकारी भूमिकामा ओलीको उदय पश्चात् राजनीतिलाई पेलेर लैजाने नवीन प्रयोग सफल नै देखिएको छ । मधेशको कठीन नाकाबन्दी आन्दोलनलाई पनि वास्ता नगरि संविधान निर्माण तथा घोषणा गर्नु, आन्दोलनकारीलाई पनि संविधानको पक्षमा ल्याउन पेलेर जाने अभियानको नतिजा नै थियो । सबैले संविधानलाई स्वीकार गरेर चुनाव लड्न आए । अनेक व्यवधानका बावजूद पनि चुनाव गराएर पहिलो पार्टी बन्नु ओलीको क्षमताकै प्रतिफल हो भन्नै पर्छ । एमालेको विपरीत धारतिर रहेको माओवादी केन्द्रलाई एकता गर्न तयार बनाउनु ओलीको कुशल शैली नभई अरू के भन्न सकिन्छ । ०७० को चुनाव होस् अथवा ०७४ को चुनाव एमाले शीर्ष स्थानमा उक्लिएर आउने श्रेय ओलीलाई जान्छ । सबै शक्तिहरूको उपस्थितिमा केपी शर्मा ओलीले बाजी जित्नु मामुली कुरा पनि होइन । पेलेर जाने राजनीतिको नवीन प्रयोगमा प्रधानमन्त्री केपी शर्मा ओली सफल राजनीतिज्ञको रूपमा आएपछि शक्तिसँगै अभिमान नआउने कुरा होइन । अब जहाँ नेपाली राजनीतिमा नेपाल कम्युनिष्ट पार्टीको वर्चस्व कायम भएको छ, शक्तिकेन्द्रहरू ठगिएको महसूस गरेका छन् ।

नेपाली झण्डाको फरक आकार, मोदीले नाकाबन्दीबारे चुँइक्क नबोल्नु, माफी नमाग्नु आदि कुराहरूले राष्ट्रवादीको प्रतिशोधको आगोलाई भड्कायो । अब मोदी गएपछि प्रदेश नं. २ बाट प्रतिशोध लिने संघीय सरकारले रणनीति नै बनाएको देखिन्छ । २ नं. प्रदेशले गरेका त्रुटिहरूको सूची तयार पारेर संघीय बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बजारमा अखाद्य वस्तुहरूको बिगबिगी

बालकदेखि वृद्धसम्मले पौष्टिक आहाराका रूपमा पिउने दूधमा विभिन्न खाले केमिकल र अखाद्य वस्तुहरू मिसाएर विषाक्त बनाउने गरिएको गम्भीर घटना सार्वजनिक भएको छ । दूधमा पानी मिसाउने परम्परा त पुरानै भयो । पानी मिसाएर धेरै बनाउनेलाई तह लगाउन दूधमा फ्याट जाँच्न थालियो । फ्याट जाँच्न थालेपछि दूध उत्पादन गर्ने किसानहरूले मिसावटमा कमी गर्न थाले । अहिले विभिन्न नामका डेरी खोलेर आकर्षक ढंगको प्लास्टिक पोकामा दूध प्याक गरेर उपभोक्ता सामु पुऱ्याउने कम्पनीहरू नै फाइदाका लागि दूधमा अखाद्य पदार्थ मिसाएर ठूलो अपराध कर्म गरिरहेका छन् । दूधजस्तो पवित्र र नभइनहुने दैनिक उपभोगको वस्तुमा छलकपट र मिसावट गर्नेहरू जोसुकै भए पनि ठूला अपराधी हुन् र यिनलाई कडा कारबाहीको लागि कानुनी कठघरामा उभ्याइनुपर्छ ।

खाने दूधमा कपडा धुने सोडा, साबुनमा प्रयोग हुने केमिकल मिसाउने काम दूध संकलन गर्ने सहकारीहरूले गरिरहेका छन् । दूध नफाटोस् भनेर यस्ता हानिकारक वस्तुहरू मिसाउने गरेका छन् । खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागको प्रयोगशालामा हालै मात्र २५ वटा डेरी उद्योगका ४२ ब्रान्डका नमुना दूधका पाउच परीक्षण गर्दा ४० वटामा स्वास्थ्यलाई हानि गर्ने वासिङ सोडा, साबुन बनाउने केमिकल समेत फेला परेको छ । नमुना जाँच गर्दा सोडियम वाइकार्बोनेट, सोडियम हाइड्रोअक्साइड र सोडियम कार्बोनेट गरी तीन थरी केमिकल मिसाइएको पाइएको छ । दूधमा मिसावटसम्बन्धी थुप्रै गुनासा आएपछि कृषिमन्त्री चक्रपाणि खनाल आफैं पनि डेरीहरूको निरीक्षण गर्न पुगेका थिए । मन्त्री खनालले दूध उत्पादनमा उपभोक्ताको स्वास्थ्यको ख्याल नै नगरिएको र भयावह अवस्था रहेको बताएका छन् । निरीक्षणका क्रममा सबै मापदण्ड ठीक भएका कुनै पनि डेरीको उत्पादन फेला परेको छैन । मन्त्री खनालले मिसावट गर्ने डेरीको अनुमति पत्र रद्द गर्नेसम्मको कारबाही गरिने बताएका छन् ।

विभिन्न ठाउँबाट संकलन भई काठमाडौं भित्रिने दूधमा कास्टिक सोडाबाहेक चिनी, नुन, युरियासमेत मिसाउने गरेको पाइएको छ । खाद्यप्रविधि विभागको फुड स्ट्यान्डर्ड निर्देशिकामा दूधमा पानी पनि मिसाउन रोक लगाइएको छ । पानी त सामान्य कुरा भयो, अन्य यस्ता थुप्रै हानिकारक रसायनहरूका कारण मानव स्वास्थ्यमा अत्यन्तै प्रतिकूल प्रभाव पर्ने गरेको छ । उपभोक्ता संरक्षण ऐनमा यसरी मिसावट गरिएको खाद्य वस्तुबाट उपभोक्ताको स्वास्थ्यमा खतरा पुग्ने अवस्था देखिए १४ वर्षसम्मको जेल सजाय र ५ लाखसम्म जरिवानाको व्यवस्था गरिएको छ । डण्ड जरिवाना कडा भए तापनि कार्यान्वयन नभएका कारण उपभोक्ताले पैसा खर्च गरेर पनि गुणस्तरीय खाद्यवस्तु उपभोग गर्न पाएका छैनन् ।

यसैबीच प्रधानमन्त्री केपी ओलीले भारतबाट आउने माछामा हानिकारक केमिकल मर्फिन, फर्मालिन मिसिएको र दश वर्षसम्म त्यस्ता माछा खाएमा परिवार नियोजन गर्नु नपर्ने आफैं नपुंसक हुने भनेर भाषण गरेका छन् । गम्भीर विषयलाई पनि ठट्टाको रूपमा भाषण गर्ने प्रधानमन्त्रीले यदि भारतबाट त्यस्ता खानै नहुने माछा आउँछन् भन्ने जानकारी पाउँदा पाउँदै किन आउन दिएको ? दुई लाइन अक्षर लेखेर रोक लगाउने निर्देशन गरे भइहाल्यो नि । दूध, माछामासु, फलफूल, तरकारी, सबै चिज विषाक्त बन्दै गएपछि क्यान्सर जस्ता घातक रोगको खतरा बढ्दै जाने विज्ञहरू बताउँछन् । सरकार उपभोक्ताको हित संरक्षण गर्ने कुरामा अत्यन्तै गम्भीर बन्नैपर्ने हुन्छ । सबै क्षेत्रमा ध्यान पुऱ्याउन नसकेमा उपभोक्ता ठग्ने, स्वास्थ्यमा खेलबाड गर्ने समस्या अझ बढेर जानेछन् । त्यसैले कुनै पनि उपभोग्य वस्तुमा मिसावट गर्नेलाई हदैसम्मको कारबाही गर्न आवश्यक छ ।

# गणतन्त्रको अर्थ अपराधको राजनीतिकरण हो ?



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

सशस्त्र जनयुद्ध गरी पहिले जापानी फौज र पछि चिआङ काइ सेकका फौजलाई लखेटी माओले चीनमा जनगणतन्त्र स्थापना गरेका थिए । उनले त्यस जनयुद्धको क्रममा न कुनै व्यक्तिको न कुनै सार्वजनिक यातायात चढेका मान्छेहरुको हत्या गरे न बैंक नै लुटे । उनको जनयुद्ध स्वच्छ राष्ट्रवादी र किसान संघर्षमा आधारित थियो । माओले बनाएको त्यही जगमा चीनको विशिष्ट अवस्थालाई पहिचान गरी मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने कुरामा चीनलाई सफलता मिलेकै कारण चीन आर्थिक र सामरिक गरी दुवै क्षेत्रमा अमेरिकालाई उछिन्ने अवस्थामा आइसकेको छ ।


हामीकहाँ पनि माओ नाम भजाएर प्रचण्ड बाबुरामहरुले भारतको सहयोगमा सशस्त्र जनयुद्ध संचालन गरे । यस क्रममा उनीहरुले प्रहरी चौकीमाथि हमला गरी सयौं निर्दोष प्रहरी, सेनाको ब्यारेकमा हमला गरी निर्दोष नेपाली सैनिक, गुडेको बसमा आगजनी गरी निर्दोष नेपाली जनताको हत्या गरे, सुराकी भन्दै ब्यक्तिहरु त कति मारे मारे उनीहरुले । यति गर्दा पनि उनीहरुले आफ्नो बलमा माओले जस्तो जनगणतन्त्र स्थापना गर्न सकेनन् अनि चाहेनन् पनि । एक हैसियत र तहसम्म चुलिएको जनयुद्धलाई बिसाएर यिनीहरु पुनः संसदीय अभ्यासमा सहभागी मात्रै बनेनन् बल्की त्यो संसदीय सस्कृतिसँग जोडिएको राष्ट्रघात, भ्रष्टाचार, कमिसनतन्त्र, नातावाद, फरियावादभित्र आफूलाई चुर्लुम्म डुबाइ नव धनाढ्य बन्न पुगेका छन् अहिले ।

**सर्वोच्चबाट आरोपित भई वर्षौं जेलको सजाय कटाएका खुमबहादुरलाई जेलबाट निस्किँदा ७० मिटरको सयपत्रीको माला लगाउने को ? त्यही कांग्रेस कार्यकर्ता होइनन् ? अहिले त्यही इतिहास दोहोरियो, बालकृष्ण र रेशम चौधरीहरू गणतन्त्रका हिरो बनेका छन् ।**

राजतन्त्रकालमा राजालाई विष्णुको अवतार माने जस्तै गणतन्त्रकालमा नेताहरु ईश्वरका अवतार हुन पुगे । सर्वोच्चबाट आरोपित भई वर्षौं जेलको सजाय कटाएका खुमबहादुरलाई जेलबाट निस्किँदा ७० मिटरको सयपत्रीको माला लगाउने को ? त्यही कांग्रेस कार्यकर्ता होइनन् ? अहिले त्यही इतिहास दोहोरियो, बालकृष्ण र रेशम चौधरीहरु गणतन्त्रका हिरो बनेका छन् । हिजो जनताको चुलोमा गएर भात मागेर खाने जनयुद्धकारीहरु कमिसन खोर सडक बनाउने ठेकेदारको घरमा लञ्च खाएको देख्दा गर्व गर्नेहरु कार्यकर्ता र जनता भएपछि अपराधको राजनीतिकरण हुनु कुनचाहिँ ठूलो कुरा भो र ? गणतन्त्रको संसदले अपराध गर्दा पनि सांसदको पद निलम्वनमा नपर्ने कानुन बनाइ अनौठौ दण्डहीनताको उदाहरण पेस गरेको छ । आफूलाई मार्क्सवादी लेनिनवादी भन्ने सर्वहारा कम्युनिष्ट मन्त्रीहरुको करोडौंको सम्पत्ती भएको औपचारिक रुपमा खुलासा हुँदाहुँदै पनि यिनीहरु आफूलाई खाँटी वामपन्थी ठान्छन् अनि उनका कार्यकर्ता र मतदाताहरु उनीहरुलाई नेता मानी लम्पसार पर्छन् भने अपराधको राजनीतिकरण नभएर के हुन्छ ? नेपालमा जेलको काम छैन । ठूला ठूला अपराधीहरुलाई चैन हुने भएपछि साना अपराधीलाई मात्रै किन थुन्नु ? बहुमत जनता भ्रष्ट र राष्ट्रघातीहरुको पक्षमा भएको देशमा जेलको के काम ? सबै कैदीलाई छोडेर जेल बन्द गरे हुन्छ ।

जति धेरै अपराध, भ्रष्टाचार र राष्ट्रघात गऱ्यो त्यति नै ठूलो जननेता बन्न पुग्ने यो गणतन्त्रले यस देशलाई कहाँ लगेर धसाउने हो केही थाहा छैन । भ्रष्ट र राष्ट्रघाती दलहरुको राजनीतिक सिण्डिकेटलाई तोडने को ? शासन गर्ने नाममा उनीहरु पालैपालो आमा नेपाललाई बलात्कार गरिर हेछन् अनि उनीहरुका कार्यकर्ता अनि मतदाताहरु ताली पिटिरहेछन् । साना र आफूलाई सच्चा राष्ट्रवादी भन्ने दलहरु किन एक हुन सकिरहेका छैनन ? उनीहरुको जुँगाको लडाइँले कसलाई हानी पुऱ्याइरहेको छ भन्ने कुरा उनीहरुले पनि सोच्नुपर्ने हो । अब राष्ट्रघाती, भ्रष्टाचारी र अपराधीहरुलाई खोजी खोजी नसिध्याउने हो भने नेपालको गणतन्त्रको अर्थ अपराधतन्त्र हुनेछ र त्यससँगै यो राष्ट्रको स्वतन्त्र अस्तित्वसमेत इतिहासको पानामा विलिन हुन जानेछ । सोधौं सबैले आफूलाई गणतन्त्रको अर्थ नेपालको हकमा अपराधको राजनीतिकरण हो कि होइन भनेर ।

# उत्तर चीन दक्षिण भारत



**जगदीश**
**लामिछाने**
रौतहट, पौराई

दक्षिणतर्फ पक्षपात गर्ने हो कि भनी पहिले पनि भनाइ पाएकी नेपालको परापूर्वदेखि तराईतर्फको नेपाली क्षेत्रमा 'सानु भारत' दुई ठाउँमा २०७५ जेठ २३ मा अन्नपूर्ण पोस्ट दैनिक पृष्ठ ६ को अग्रलेखमा गीताकोचर जायसवालले लेखेको देखियो । त्यही दिन त्यसै पत्रिकाको पृष्ठ २ मा हाम्रै उत्तरी चीनकी राजदूत यु होङ चीन विरोधी वातावरण घट्यो भनी खुसी भएको पनि देखियो ।

नेपाली कहिल्यै आफ्ना छिमेकीको कुभलो चिताउँदैनन् बरु छिमेकी दक्षिण उत्तर ठूला देश छन् । आआफ्ना समस्या समाधान गर्दै होलान् । क्षेत्रफल तथा जनसंख्यामा सानै भए पनि अन्तर्राष्ट्रिय भाइचारामा नेपाल पनि बराबरै छ । बराबरै अधिकार पाउनुपर्छ भन्ने मात्र नेपालको भनाइ हो । तैपनि किन दुःख दिइँदैछ भन्नेमै नेपाल छ ।

दक्षिणमा अंग्रेज आधिपत्यको अवस्था इ.सं. १९४७ सम्मै रह्यो । हामी नेपाली परापूर्वदेखि यस्तै दुःख पर्छ कि भनेर कहिले सरकारसहित सदैव नेपाली जनता त्राही त्राही नै छौं । यसैले पनि दुःख परे पनि दाँते बह खाएर कुनै बेला छँदाखाँदाको विशाल नेपाल भाइछोरालाई भाग लगाइदिएर बाइसी चौबिसी भएर पनि दुःख पायौं । तैपनि श्री ५ पृथ्वीनारायण शाह पाल्पाली राज्यक्षेत्र हाजिपुरतिर गंगा उत्तर पुगेर हामी पहाडमा भिन्नभिन्नै जस्तो भए पनि एउटै पहाडीया हौं भनी गंगापारि बनारसबाट किनेर ल्याएका हतियार २० वर्षकै उमेरमा उम्काएर ल्याएकै हुन् । त्यसपछि पनि छँदाखाँदाका राष्ट्रवादी श्री ५ रणबहादुर त्यही बनारसतिर पुगेपछि भीमसेन थापासहितको केही मतिभ्रम भै नेपाल आएपछि नेपाल अंग्रेज युद्ध व्यहोरेर टिस्टा काँगडाको घाउमा अझै छटपटाइ रहेकै छौं । घूस भ्रष्टाचार तथा दलगत र गुटगत दुःखमा हामी पनि छटपटिनु नपरेको त होइन । तपाईं दुवैको पनि कुभलो नगरेर आफ्नै रक्षा कष्टसाथ दुई तीन हजार वर्षदेखि गरिरहेका छौं । २५०० वर्षको इरान हिजै राजतन्त्ररहित भएर अथवा अफगानिस्तानमा के के न हुन्छ भनी विदेशी सेना हुलेर दशकौंसम्म दुःख नहटेको पनि देखेकै छौं । जापान कोरियामा विदेशी सेना बसेको छ । अहिले भयावह विश्वमा पनि हामी नेपाली त्राही त्राहीमै छौं ।

त्यसो भए नेपाली पुनः हतास छन् त ? अवश्य छैनन् । माओवादी द्वन्द्व समाधान जनताले गरिसकेका छन् । नेताहरु आफू योग्यता भएकाहरु यिनै जनतासँग माफी माग्ने छन्, नभए पन्छँदै छन् । नेपालीहरु कहिल्यै उत्तरी क्षेत्र चीन विरोधी छैनन् । यो कुराको निर्देशन पनि श्री ५ पृथ्वीनारायण शाहले दिएकै छन् । बरु १८१४-१६ इ.सं.को अंग्रेज हमला गर्न आउँदा सम्झौता अनुसार नगरी अंग्रेजसँग सम्झौता भइसकेपछि आफ्ना सैनिक २।४ लिएर चीन नेपाल आएको घाउ अझै पुरिएको छैन । एकताका २०१२ वि.सं.तिर टंकप्रसाद प्रधानमन्त्री चीन गएर सुरु भएको उत्तरी सीमा नियमन २०१६ वि.सं.मा प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला चीन पुगेर पूरा भएकै हो । ल्हासामा चिनिया सैनिक सहचारी सदैव बस्ने हुनाले तिब्बत चीन मान्न युगयुगमा नेपालले कुनै कसर राखेको छैन । संयुक्त राष्ट्र संघमा चीनले पाएको न्यायोचित अधिकार तथा अमेरिकासँग चीनको व्यापारमा नेपाल औधि प्रसन्न भएकै छ ।

नेपालमा रहेका उसबेलाका खम्पा समस्या श्री ५ महेन्द्रले आफ्ना छोरा श्री ५ वीरेन्द्रको पालासम्ममा समाधान गरेको र चीनले पनि कोदारी राजमार्ग बनाई सहयोग गरेकोमा अरु सहयोग पनि त्यही मार्ग भई रेलमार्फत हुनु राम्रो हो भन्ने नेपालको भनाइ हुनु स्वाभाविकै हो ।

बरु नेपालको हिमालयसम्मै र चीनको तिब्बत भएर बौद्ध धर्मको आदानप्रदान भएको परिप्रेक्ष्यमा नेपालीहरु आफूलाई बौद्धावतारे अन्तर्गत आर्य धर्ममा विष्णु शिव समेत समान रुपमा मान्छन् । यतिमात्र होइन, हिमालयको दक्षिणतर्फ नै वैदिक परम्पराको द्योतक मानसरोवर तथा कैलाशमा दृढ आस्था भएकाले पौराणिक परम्पराका नेपालीहरु ऋषिमुनिहरुको निर्देशनमा बस्ने नै भए । यसरी नै नेपालले चीनको दक्षिणी सीमा रक्षा गरी रहनेछ र रहेकै छ । यस्तो अवस्थामा लिपुलेख प्रकरण चाहिँ चीनतर्फबाट उठ्नुपर्ने थिएन, विचार हुने नै छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–५

अगस्त १५, १९४५ मा जापानले आत्मसमर्पण गरेपछि दोस्रो महायुद्ध टुङ्गियो ।पुनर्निर्माणमा लागेको स्टालिन नेतृत्वको सोभियत रूसले केही वर्षभित्रै सफलता प्राप्त गऱ्यो । सोभियत रूसले मुलुकको विकास साथसाथै कम्युनिस्ट अन्तर्राष्ट्रवादलाई पनि पालना गऱ्यो ।रूसीलालसेनाको विशिष्ट भूमिकामै पूर्वी युरोप मुक्त भएको थियो र त्यहाँ समाजवादी समाजको निर्माण र विकासका लागि पनि रूसले निकै सहयोग पुऱ्यायो । चीनको कम्युनिस्ट पार्टीलाई पनि रूसले ठूलो आडभरोसा दिएकाले सन् १९४९ मा चीन पनि मुक्त भयो ।त्यसपछि त विश्वका छवटै महादेशमा साम्यवादी क्रान्तिका निम्ति जोसेफ स्टालिनको निर्देशनमा रूसी कम्युनिस्ट पार्टी (बोल्सेभिक) ले निकै ध्यान दियो ।

सन् १९५३ मा स्टालिन महान्को निधन भयो । लेनिनलाई लेनिन बनाउन विशिष्ट भूमिका निर्वाह गर्ने स्पातेली कम्युनिस्ट, रूसी अक्टोबर क्रान्तिका द्वितीय सेनानी, सोभियत रूसमा समाजवादको निर्माण र विकासमाकुशल भूमिका निर्वाह गर्ने राजनेता, दोस्रो महायुद्धमा हिटलर, जापानी साम्राज्यवादलाई ध्वस्त पारी युरोप र एसियामा शान्तिका वाहक, कम्युनिस्ट अन्तर्राष्ट्रवादलाई व्यवहारमै पालना गर्ने युगपुरूष जोसेफ स्टालिनको निधन सोभियत जनताका लागि मात्र होइन, विश्वका सम्पूर्ण शोषित, उत्पीडित जनता र राष्ट्रहरूलाई अपूरणीय क्षतिको कुरा थियो ।

स्टालिनको जीवनकालमै कम्युनिस्टहरूप्रति घृणा फैलाउने र मार्क्सवाद-लेनिनवादप्रति विद्वेष जगाउने विश्वभरकै पुँजीवादी-सामन्तवादीहरूले जनतामा अनेकौं हौवा फैलाएर भ्रम सिर्जना गरेकाथिए–स्टालिनले लाखौं निरपराध मानिसहरूको ज्यान लिए;स्टालिनले रूसी जनतालाई भेडाबाख्रासरह राखेका छन्; त्यहाँ कसैले आफ्नो छोराछोरी भन्न पाउँदैन, जनताले खान, लाउन, बस्न, पढ्न, उपचार, खेलकुद, मनोरञ्जन आफ्नो इच्छाअनुसार गर्न पाउँदैनन्; मनमा लागेको बोल्न, लेख्न, प्रचार गर्न पाउँदैनन्, सबै कुरा सरकारले तोकेकोर भनेको मात्र गर्नुपर्छ; अलिकति तलमाथि भए ज्यान सजाय हुन्छ, ६० वर्ष पुग्नासाथ मारिन्छ आदि, इत्यादि ।

विश्वका कम्युनिस्ट विरोधी र मार्क्सवादका शत्रुहरूले स्टालिन र सोभियतरूसको विषयमा जेजति अफवाह फैलाए पनि रूसका महान् नेता स्टालिन र क्रान्तिकारी सोभियत जनताले व्यवहारबाटै संसारसामु घोषणा गरे–कम्युनिस्टहरू इमानदार र निस्वार्थी हुन्छन्, समाजवादी राज्यसत्ता मानव जातिका निम्ति अनिवार्य आवश्यक छ ।त्यस्तो समाजमा शान्ति, न्याय र समानता छाउँछ,आमजनताका निम्ति यस्तो समाज नभइ नहुने कुरा हो ।

कम्युनिस्ट समाजमा हुर्केबढेका मानिसहरू शान्ति चाहन्छन् तर टाउकोमा युद्ध थोपर्न आउने वैरीहरूलाई चाहिँजति नै शक्तिशाली भए पनि सखाप पार्न सक्छन् । यसरी सोभियत रूसको चौतर्फी व्यवहारबाटै प्रस्ट थियो–समाजवादी समाज महान् समाज व्यवस्था हो ।यही कारणले साम्यवादीहरू विश्वव्यापी रूपमा फैलन सकेका हुन् ।

सोभियत रूसमा स्टालिनको शेषपछि त्यहाँका प्रमुख नेता निकिता ख्रुस्चोव आए । उनी पहिले त स्टालिनका भक्त देखिए तर सत्तामा बलियो पकड जमाएपछि महान्स्टालिन र सोभियत समाजवादकैमुख्यशत्रु बने ।उनले स्टालिनका कदममाथि निर्लज्ज आक्रमण गरे, क्रेमलिनमा लेनिनको समाधिस्थल नजिकै राखिएकोस्टालिनको शव हटाए ।'स्टालिनले लाखौं निर्दोष मानिसहरूको ज्यान लिएको'निराधारआरोप मात्रलगाएनन्, 'स्टालिन तानाशाह थियो' भनी निकै कुर्लिए ।कम्युनिस्ट पार्टीको झन्डा उठाउने र मार्क्सवाद-लेनिनवादको नारा दिने ख्रुस्चोभले स्टालिनमाथि अन्धाधुन्द आक्रमण गरेपछि विश्वकै जनतामा कम्युनिस्ट समाज र मार्क्सवादप्रति शङ्का उपशङ्का अनि गम्भीर निराशा फैलियो । विरोधीहरूलाई कम्युनिस्टहरूको खण्डन गर्न झन् सजिलो भयो । अनि संसारमै कम्युनिस्टहरू दुई शिविरमा विभाजित भए । पहिलो,स्टालिनलाई कालो देख्नेहरू, जसको नेतृत्वमारूसी नेताख्रुस्चोभ,ब्रेजनेभहरूथिए । दोस्रो,स्टालिनलाई उज्यालो देख्नेहरू, जसको नेतृत्व चीनका माओत्सेतुङलेगरे ।

पङ्क्तिकार पनिस्टालिनलाई उज्यालो देख्नेहरूमध्येकै एक हो ।ऊस्टालिनको बफादार सिपाही पनि हो ।यही हैसियतले ऊ आफ्ना महान्गुरूका जीवनमा भएका सबभन्दा ठूला त्रुटिहरूकेलाउने कोसिसमा छ ।किनभने आगामी दिनहरूमा त्यस्तो गल्ती अन्त कतै नदोहोरियोस् ! लाखौं-करोडौं वीरविराङ्गनाहरूले असीमित श्रम, शक्ति, सीपसँगै जीवन अर्पण गरेर निर्माण हुने समाजवादी मातृसत्तासाधारण विद्रोहलेनभत्कियोस् !

प्रश्न उठ्छ,त्यसो भए स्टालिनका ती ऐतिहासिक कमजोरी के के थिए ?

**पहिलो**–हाइड्रोजन बम निर्माण हुनु ।

**दोस्रो**–सोभियतसमाजवादी समाजको विकासक्रममा ऐतिहासिक भौतिकवादको सिद्धान्त बुझेर व्यवहारतः लागू गर्न नसक्नु !

माथिका बुँदाबारे स्पष्ट हुन केही व्याख्या खाँचो पर्छ । त्यसकालागि विश्वका कम्युनिस्ट विरोधी र स्टालिनकालीन सोभियत रूसको समाजवादको निन्दा गर्ने तत्त्वहरूएवंरूसकै ख्रुस्चोव र उनका अनुयायीहरूले स्टालिनमाथि आरोप लगाएका साझा कुरामाथि गौर गरी चर्चा गरौं ।

स्टालिन कालमा सोभियत रूसमा लाखौं मानिसहरू मात्र मारिएका होइनन्, करोडौं निर्दोष मानिसहरू पनि मारिएका छन् तर ती कसरी मारिए ? र त्यसको दोष कसको टाउकोमाथि थुपार्ने ?

*(क्रमशः)*

# मैले देखेको पचासौं विश्व सम्पदा :
# अक्सफोर्ड विश्वविद्यालय

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा अक्सफोर्ड विश्वविद्यालय यस्तो देखिन्छ




विश्वविद्यालयको भित्री भाग



विश्वविद्यालयको प्राकृतिक इतिहास म्युजियम




विश्वविद्यालयको बगैंचा



माथिबाट हेर्दा विश्वविद्यालय परिसर



अक्सफोर्ड विश्वविद्यालयको विश्वविख्यात छापाखाना



विश्वविद्यालयको बगैंचामा सुरेन्द्र ढकाल सन् १९८९ मा

म्याडम टुसा म्युजियम हेरेपश्चात लण्डनमा अवलोकन गर्ने ठाउँ प्रायः सकिएकाले हामी अक्सफोर्ड सहरतर्फ लाग्यौं । त्यहाँको विश्वविद्यालय अति प्राचीन र विश्वविख्यात भन्ने कुरा सानो छँदै सुनेकोले मलाई त्यो विश्वविद्यालय अवलोकन गर्ने ठूलो रहर थियो । हुन पनि त्यो विश्वविद्यालय कहिले खडा भयो भन्नेबारे कुनै प्रमाण रहेनछ तर सन् १०९६ मा नै त्यहाँ प्राध्यापन हुन्थ्यो भन्ने कुराको चाहिँ अभिलेख रहेछ । यस विश्वविद्यालय अंग्रेजी भाषा बोल्ने देशहरूकै सबैभन्दा ठूलो विश्वविद्यालय र प्राचीनकालदेखि नै निरन्तर चलिरहेको विश्वविद्यालयमध्ये विश्वको दोस्रो ठूलो विश्वविद्यालयमा पर्दो रहेछ । सन् ११७६ बेलायती राजा हेनरी द्वितीयले अंग्रेज विद्यार्थीहरूलाई पेरिस विश्वविद्यालयमा पढ्न निषेध गरेपछि अक्सफोर्ड विश्वविद्यालयमा विद्यार्थी संख्या बढ्न गई यसले प्राध्यापनमा गति लिन थालेको रहेछ । अक्सफोर्डका बासिन्दा र विद्याथीबीच सन् १२०९ मा झगडा भएको कारण केही प्राज्ञिक समूहले अक्सफोर्ड छोडेर त्यहाँको पूर्वोत्तरमा रहेको क्याम्ब्रिज भन्ने ठाउँमा अर्को विश्वविद्यालय स्थापना गरेका रहेछन् । अक्सफोर्ड र क्याम्ब्रिज दुवै विश्वप्रख्यात हुन पुगेको कारण यदाकदा दुवैलाई मिलाई अक्सब्रिज विश्वविद्यालय पनि भन्दा रहेछन् ।

यस विश्वविद्यालय अन्तर्गत ३८ वटा कलेज संचालनमा रहेछन जस्लाई चार वटा प्राज्ञिक विभागअन्तर्गत राखिएको रहेछ । यो विश्वविद्यालयको अर्को महत्वपूर्ण कुरा भनेको विश्वकै सबैभन्दा पुरानो विश्वविद्यालय म्यूजियम र छपाइ गर्ने विश्वविद्यालय प्रेस विश्वविद्यालय आफैंले संचालन गरेको रहेछ । यस विश्वविद्यालयका थुप्रै विद्यार्थीहरूले विभिन्न विधामा नोवेल पुरस्कार प्राप्त गरिसकेका रहेछन भने धेरै जना बेलायतका प्रधानमन्त्री पनि बनिसकेका रहेछन् । यही विश्वविद्यालयले विश्वविख्यात विश्वकै सबैभन्दा पुरानो र महत्वपूर्ण रोढेस अन्तराष्ट्रिय छात्रवृत्ति स्थापना गरेको रहेछ र यही छात्रवृत्ति पाएर पढनेहरू विश्वका विभिन्न देशका राष्ट्रपति र प्रधानमन्त्री पनि बनिसकेका रहेछन् । १५औं शताब्दिमा युरोपमा भएको पुनर्जागरणले यस विश्वविद्यालयलाई निकै प्रभावित गरेको रहेछ जस्को कारण प्राज्ञ विलियम ग्रोचिनको सक्रियतामा प्राचीन ग्रीक भाषाको अध्यापन गर्ने कार्यको पुनः शुरूवात भएको रहेछ । पुनर्जागरणको अन्त्यसँगै भएको धर्मसुधार आन्दोलन (रिफर्मेसन) को कारण रोमन क्याथोलिक चर्चसँग सम्बन्धविच्छेद भएपछि त्यसबाट असन्तुष्ट हुन पुगेका प्राज्ञहरू अक्सफोर्ड विश्वविद्यालय त्यागी युरोपका अन्य विश्वविद्यालयतिर लाग्दा अक्सफोर्ड विश्वविद्यालयको ख्यातीमा स्खलन हुन पुगेको रहेछ । सन् १६३६ मा क्यान्टरवरीका आर्कविशप विलियम लाउडले विश्वविद्यालयको आफनै विधान बनाइ लागू गरेपछि विश्वविद्यालयमा नै प्रेस र पुस्तकालय संचालनमा आएको रहेछ । पहिले स्नातक तहसम्मको मात्र पढाइ हुने गरेकोमा सन् १८७१ म आएर स्नातकोत्तरको पढाइ पनि थालिएको रहेछ । सन् १६४२ देखि १६४९ सम्म भएको बेलायती गृहयुद्धताका यस विश्वविद्यालयले सक्रिय राजतन्त्रको पक्ष लिएको कारण संसदवादीहरूसँग यस विश्वविद्यालयको विवाद निकै चुलिएको रहेछ तर १८औं शताब्दिको मध्यतिर गएर यस विश्वविद्यालयलाई राजनीतिक विवादबाट मुक्त गरिएको रहेछ । सन् १९१४ तिर आउँदा अण्डरग्राजुएट तहमा ३००० र पोष्टग्राजुयट तहमा १०० जना विद्यार्थी संख्या पुगेको रहेछ । सन १८५२ मा बनेको विश्वविद्यालय सुधार आयोगले दिएको सुझावका आधारमा विश्वविद्यालयले पुरानो अध्यापन त्यागी जर्मन र स्कटिस अध्यापन विधि ग्रहण गरेको रहेछ र यस्को साथै अध्यापनसँगै अनुसन्धानलाई पनि महत्व दिन शुरू भएको रहेछ । सन् १९२० मा अक्सफोर्ड विश्वविद्यालयले आफना कलेजहरूमा महिलाको लागि निश्चित कोटा आरक्षण गर्न शुरू गरेको रहेछ । त्यस्को लागि यस विश्वविद्यालय अन्तर्गत चार महिला कलेज स्थापना हुन पुगका रहेछन् । सन १९२७ सम्म आइपुग्दा कोटा बढेर पुरूषको संख्याको एक चौथाइ संख्यामा महिलाहरूलाई भर्ना लिन थालिएछ । पछि सन १९५९ मा कोटाको ब्यवस्था खारेज गरी महिलाहरूलाई निर्विघ्न भर्ना गर्ने कार्यको शुरूवात गरिएको रहेछ । प्रख्यात जासुसी उपन्यास गाउडी नाइटका लेखिका डोरोथि सायर्स अक्सफोर्डबाट प्राज्ञिक डिग्री हासिल गर्ने पहिलो महिला बनेकी रहिछन् । २० औं शताब्दिमा आएर यस विश्वविद्यालयले डक्टरेटको उपाधि पनि दिन शुरू गरेको रहेछ । अक्सफोर्डलाई विश्वविद्यालयको शहर यस कारण पनि भनिंदो रहेछ कि यसका क्याम्पस तथा कलेज अनि तिनीहरूका विभागहरू एक ठाउँमा एकत्रित नभै अक्सफोर्ड शहरभरि नै छरिएर रहेका रहेछन् । यसैगरी विश्वविद्यालयको पार्क २८ हेक्टर जमिनमा फैलिएको रहेछ र दिनभरी खुला हुँदो रहेछ ।

## हार्दिक श्रद्धाञ्जली



**जन्म २०१८।१।१३ मृत्यु २०७५।२।१६**

हाम्रा अनन्य मित्र श्री गेहेन्द्रबहादुर वज्राचार्यकी
जीवन संगिनी विमला वज्राचार्यको दुःखद
निधन भएकोमा मृतात्माको चीर शान्तिको
कामना गर्दै शोक संतप्त परिवारप्रति
हार्दिक समवेदना अर्पण गर्दछौ

**सुरेन्द्र ढकाल तथा ग्रेटर नेपाल साप्ताहिक परिवार**
तथा
रोटरी क्लब डिल्लीबजार परिवार

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा
इटालियन,
अंग्रेजी
र जर्मन भाषा
सिकी
आत्मनिर्भर
बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001 JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

लोकसेवा आयोगको प्रतिबद्धता
योग्यता,
स्वच्छता
र
निष्पक्षता
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# विश्वकपका पाँच स्टार

काठमाडौं । फुटबल समर्थक माझ विगत १० वर्षदेखि चर्चा कमाएका पोर्चुगलका क्रिष्टियानो रोनाल्डो र अर्जेन्टिनाका लियोनल मेस्सी हुन् । फुटबलमा सर्वाधिक महत्वपूर्ण मानिने अवार्ड बालोन डि'ओर विगत १० वर्षदेखि उनीहरुले पाइरहेका छन् । दुवैले पाँच/पाँच पटक जितेका छन् ।

विश्व फुटबलमा एक छत्र राज गरेका मेस्सी र रोनाल्डो अहिले विश्वकपको तयारीमा छन् । एक अर्थमा भन्दा अर्जेन्टिना मेस्सीमा र पोर्चुगल रोनाल्डोमा धेरै नै भर परेको देखिन्छ ।

यसैले आउने फिफा वर्ष खेलाडीमा पनि उनीहरुको स्थान विश्वकपले नै तय गर्ने छ । यो वर्षको सेप्टेम्बरमा लण्डनमा हुने अवार्डमा कोही नयाँ खेलाडी उदाउलान् त ?

### नेइमार

आक्रामक खेलाडी नेमार गएको सिजन विश्वमा सबैभन्दा महंगा खेलाडी बने । स्पेनिस क्लब बार्सिलोनाबाट फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) गएका नेमार विश्वको सबैभन्दा महंगो खेलाडी बनेका हुन् ।

उनी मेस्सी र रोनाल्डोकै स्तरको खेलाडी रहेको धेरैले बताउने गरेका पनि छन् । सुझबुझपूर्ण खेल, उत्कृष्ट फिनिसिङ र लोभलाग्दो खेलशैलीका कारण नेमार पूर्ण खेलाडी देखिन्छन् । नेमारसँग फिफा वर्ष खेलाडी बन्नका लागि चाहिने सबै गुण छ । त्यसअनुसारको मेहनत पनि गरीरहेका छन् ।

चार वर्षअघि घरेलु मैदानमा भएको विश्वकपमा गम्भीर चोटका कारण नेमार मैदानबाहिर भए र ब्राजिलले सेमिफाइनलमा जर्मनीसँग विश्वकप इतिहासकै खराब प्रदर्शन गर्‍यो । तर त्यसको दुई वर्षपछि नेमारले ब्राजिललाई ओलम्पिकमा स्वर्ण पदक दिलाए ।

अहिले चोटका कारण तीन महिना मैदान बाहिर रहेर फर्किएका नेमार रुसमा विश्वकप उचाल्ने ध्यान र लक्ष्यका साथ बढेका छन् । यसपटक ब्राजिल पहिलेको जस्तै डरलाग्दो टिमको रुपमा देखिएको छ । त्यसमा ब्राजिलियन फुटबलको पुरानो समय फर्काउन नेमार एक मुख्य पिलर हुन् । नेमार मैदानमा मात्रै होइन मैदान बाहिर पनि आफ्नो टिमका लागि हौसलाका पात्र हुन् ।

### मोहम्मद सलाह

इटालीयन क्लब रोमाबाट सन् २०१७ को जुनमा इंग्लिस क्लब लिभरपुल जानुअघिसम्म सलाह अरुको नजरमा थिएनन् । त्यो बेला उनलाई राम्रो खेलाडीको रुपमा मानिएको त थियो तर यस्तो प्रभावशाली होलान् भन्ने सोचिएको थिएन ।

इजिप्टका सलाहको जादुमयी खेलका कारण लिभरपुलले प्रिमियर लिगमा राम्रो गर्न सक्यो र अर्को वर्षको च्याम्पियन्स लिग सुरक्षित गर्‍यो । यस वर्षको च्याम्पियन्स लिगमा पनि फाइनलसम्म पुग्यो ।

जर्गेन क्लोप्पको प्रशिक्षणमा उनले आफ्नो पूर्ण फिनिसिङसहितको खेल कौशल प्रदर्शन गरे । उनी भर्खरै सकिएको सिजनमा प्रिमियर लिगको सर्वाधिक गोलकर्ता हुन् । उनले ३६ खेलमा ३२ गोल गरे ।

इंग्ल्याण्डमा उनले यो सिजनमा प्रायः सबै व्यक्तिगत उपाधिमा आफ्नो नाम लेखाए । उनले क्लबमा मात्रै होइन राष्ट्रिय टिमबाट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पनि उस्तै प्रदर्शन गर्दै आएका छन् ।

सलाहकै महत्वपूर्ण खेलको बलमा इजिप्टले २८ वर्षपछि फेरि विश्वकपमा स्थान बनाएको छ । अब उनी रुसमा आफ्नो सुन्दर खेल कौशलबाट विश्वलाई चकित पार्ने लाइनमा छन् ।

च्याम्पियन्स लिग फाइनलको क्रममा चोटग्रस्त भएका सालह प्रशिक्षणमा फर्किएका छन् । रुसमा गर्ने खेल प्रदर्शनले सलाहलाई फिफा वर्ष खेलाडीको दौडमा अघि लैजाने छ ।

मोहम्मद सलाहबिना इजिप्ट टोली अपूरो छ । इजिप्ट यसपटक स्टार खेलाडी सलाहकै कारण पनि विशेष चर्चामा छ ।

अफ्रिकन फुटबलमा उत्कृष्ट खेल प्रदर्शन गरेको इजिप्टले यसपटक विश्वकपमा नयाँ इतिहास बनाउने आश गरिएको छ । त्यसका लागि भरोसाको केन्द्रमा छन् उनै सलाह ।

### केविन डी ब्रायन

बेल्जियमका इडन हर्जाड जस्तै आकर्षक खेल खेल्छन् डी ब्रायन । अझ उनमा गोलका लागि सहयोग गर्ने कला हर्जाडमा भन्दा सुन्दर देखिन्छ । जसले आफ्नो सहयोगमा धेरै गोल गराए र टिमलाई ऐतिहासिक उपलब्धीमा पुर्‍याए ।

केविन डी ब्रायनलाई गोलका लागि सहयोग गर्ने सफल खेलाडीको रुपमा चिन्ने गरिन्छ । उनकै सहयोगमा धेरै खेलाडीले आफ्नो नाममा गोल लेखाए ।

म्यानचेस्टर सिटीले भर्खरै सकिएको सिजनमा इतिहासमै सबैभन्दा धेरै अंकसहित प्रिमियर लिगको उपाधि उचाल्यो । जसमा डी ब्रायनको खेल क्षमता झनै चम्कियो । उनले सिटीका लागि ५२ खेलमा १२ गोल गरे र २१ गोलका लागि अवसर सिर्जना गरे ।

यस्तै बेल्जियमले विश्वकपको यात्रा तय गर्ने क्रममा पनि उनको भूमिका निकै महत्वपूर्ण देखियो । उनले टिमका साथी खेलाडीलाई गोलका लागि अवसर बनाए र फुटबललाई यस्तो उत्कृष्ट रुपमा खेल्न सकिन्छ भन्ने देखाए ।

यदी विश्वकपमा बेल्जियमले आफूलाई डार्क हर्सको रुपमा स्थापित गर्न सक्यो भने डी ब्रायनको नाम यो वर्षको फिफा वर्ष खेलाडीको सूचिमा सबैभन्दा माथि हुनेछ ।

### हयारी केन

हयारी केन फुटबलका उदाउँदा स्टार हुन् । विश्वकपमा इंग्ल्याण्ड टिमका कप्तानी सम्हाल्न लागेका उनले इंग्लिस प्रिमियर लिगमार्फत नै आफ्नो खुबी देखाएका हुन् ।

उनलाई सन् १९९६ को फिफा वर्ष खेलाडीको सूचिमा तेस्रो स्थानमा आएका एलन शिएररसँग पनि तुलना गरिन्छ । २४ वर्षका केन कडा मेहनत गर्छन, अनुशासित व्यवहार देखाउँछन् । समयको महत्ज र कुरा बुझ्ने उनको क्षमता राम्रो छ ।

उनकै बलमा टोटनह्यामले प्रिमियर लिगको राम्रो प्रदर्शन गर्दै आएको छ । इंग्ल्याण्डका प्रशिक्षक ग्यारेथ साउथगेटले विश्वकपको मुखैमा आएर ठूलो विश्वाससहित कप्तानको जिम्मा केनलाई थमाएबाट उनी उनको महत्व प्रष्ट हुन्छ ।

उनले सन् २०१७र१८ मा टोटनह्यामबाट ४४ खेल खेल्दै ३७ गोल गरेका थिए । उनी सन् २०१५ बाट इंग्ल्याण्ड टिममा छन् । जसमा २४ खेलमा १३ गोल गरेका छन् ।

केनलाई नेमारकै स्तरको खेलाडीको रुपमा हेर्ने गरिएको छ । विश्वकपमा गर्ने प्रदर्शनले उनलाई पनि वर्ष खेलाडीको सूचिमा माथि लैजाने सम्भावना छ ।

### केलियन एमबाप्पे

१९ वर्षका एमबाप्पे रुस विश्वकपका लागि टिममा रहेका कम उमेरका खेलाडी मध्ये एक हुन् । उनलाई यो विश्वकपमा मात्रै होइन अब आउँदा अरु केही विश्वकपमा पनि हेर्न पाइने सम्भावना बलियो छ ।

कलिलो उमेरमा पनि उनको खेल क्षमता परिपक्क देखिन्छ । उनी हरेक जसो खेलमा गोल गर्न सक्ने खेलाडीका रुपमा चम्किएका छन् । सन् २०१७ मा फ्रान्सको राष्ट्रिय टिममा स्थान बनाएका एमबाप्पेले १५ खेलमा ४ गोल गरेका छन् । पाँच गोलका लागि अवसर बनाएका छन् ।

एमबाप्पे पेरिस सेन्ट जर्मेन (पीएसजी) मा पनि भरपर्दा खेलाडी हुन् । भर्खरै सकिएको सिजनमा उनले पीएसजीबाट २८ खेलमा १३ गोल गरे र ८ गोलका लागि अवसर बनाए । सबै गरेर गएको वर्ष पीएसजीबाट खेलेका ४६ खेलमा उनले २१ गोल गरेका छन् । साथै १६ गोलका लागि अवसर बनाएका छन् ।एमबाप्पेले मोनाकोमा रहँदा पनि लिग वान र च्याम्पियन्स लिग दुवैमा आफूलाई प्रमाणित गरेका थिए । रुस विश्वकपमा पनि उनीमाथि फ्रान्स टिमको ठूलो भरोसा छ । त्यसले नै उनको अर्को उचाइ पुग्ने बाटो तय गर्ने छ ।

# विश्वकपमा इतिहास बनाएका १० जर्सी

यो वर्ष रुसमा आयोजना हुने विश्व फुटबलको महाकुम्भ फिफा विश्वकपमा ३२ राष्ट्रले प्रयोग गर्ने जर्सीका बारेमा अनेक कुरा आइरहेका छन् । कसको जर्सी कस्तो ? कुन राम्रो भन्ने बहसमा फुटबल समर्थक देखिन्छन् ।

विश्वकप खेल्ने राष्ट्रिय टोलीको लागि धेरैजसो देशले आफ्नो राष्ट्रिय झण्डा, राष्ट्रिय चिन्हको आधारमा जर्सी बनाउने गर्छन् ।

देशलाई एकताको सुत्रमा बाँध्ने र विश्वमञ्चमा आफ्नो देशको विशेष पहिचान झल्काउने भएकाले जर्सी बनाउँदा सबै देशले धेरै ध्यान दिने गर्छन् ।

आज हामीले विश्वकप फुटबलको इतिहासकै चर्चित १० जर्सीहरुको सूची तयार गरेका छौं । हेरौं कस्ता कस्ता छन् त विश्वकपका अहिलेसम्मका चर्चित १० जर्सीहरुः

### अर्जेन्टिना

अर्जेन्टिना कहिल्यै पनि नराम्रो जर्सीको साथमा विश्वकप खेल्न जाँदैन । अर्जेन्टिनाको टिमले सन् १९९८, २००२ र २०१४ मा लगाएका जर्सीको डिजाइनहरु उत्कृष्ट हुँदाहुँदै पनि यो सूचीमा परेका छैनन् ।

तर, उनीहरुले सन् १९७८ को विश्वकपमा लगाएको होम जर्सी साँच्चै नै आकर्षक थियो । उनीहरुले घरेलु मैदानमा यो जर्सी लगाएर विश्वकप उचालेकाले मात्रै होइन । विशेष कुरा, यो जर्सीमा खेलाडीहरुको नम्बर उनीहरुको वर्णानुक्रम अनुसार दिइएको थियो ।

### संयुक्त राज्य अमेरिका

सन् १९९४ को विश्वकपको सबैभन्दा चर्चित दृश्यको रुपमा अमेरिकी डिफेन्डर एलेक्सी लालास कोलम्बियाविरुद्ध जित हात पारेपछि निलो ताराअंकित जर्सीमा खुसीले उफ्रिएको दृश्यलाई लिइन्छ ।

अमेरिकाको निलो अवे जर्सीमा छरिएका ताराहरु सुन्दरताको नमुना थिए । यो जर्सी यति धेरै राम्रो थियो कि त्यसको तुलनामा धर्काभएको होम जर्सी फिक्का देखिएको थियो ।

### इंग्ल्याण्ड

इंग्ल्याण्डको जर्सीमा धेरै थोक राखिएका हुँदैनन् र यो नराम्रो कुरा पनि त होइन् । वास्तवमा इंग्ल्याण्डको टिमले १९८२ को विश्वकपमा थ्री लायन्स होम जर्सी लगाएर खेल्दा राम्रो नतिजा नआए पनि यसलाई इंग्ल्याण्डको अहिलेसम्मकै उत्कृष्ट जर्सी मानिन्छ ।

### नेदरल्याण्ड

नेदरल्याण्डलाई सन् ३० ताकाको विश्वकपपछि कसैले पनि विश्वकपमा देखेका थिएनन् । तर जब धेरै समयपछि नेदरल्याण्ड सन् १९७४ को विश्वकपमा छानियो, उसले त्यतिखेर पूरा फुटबल र सुन्तला रंगको होम जर्सीको साथमा धमाका मच्चायो ।

यो टिमको शैलीले फुटबललाई एउटा नयाँ कालखण्डमा लैजान सफल भयो । त्यस्तै जर्सीको सरल डिजाइनलाई पनि सबैले मन पराए । यो जर्सीमा नौ आउटफिल्ड खेलाडीको लागि एक राष्ट्रिय चिन्हसहित एडिडासको तीन धर्का राखिएको थियो तर बाँकी एक खेलाडीको लागि भने अर्कै डिजाइनको जर्सी बनाइएको थियो ।

किनभने जोहान क्रुफको एडिडासको प्रतिद्वन्दी पुमासँगको व्यावसायीक सम्झौता भएका कारण उनको लागि भने दुई धर्के जर्सी बनाइएको थियो ।

### जर्मनी

एडिडासले बनाएको ९० को दशकको सबैभन्दा चम्किलो राष्ट्रिय टिमको जर्सी जर्मनीको १९९४ को विश्वकप जर्सी हो र यो साह्रै नै आकर्षक थियो ।

जर्मनी अमेरिकामा डिफेन्डिङ च्याम्पियनको रुपमा गएको थियो र उनीहरुको सेतो होम जर्सीलाई राष्ट्रिय झण्डाको रंगले काँधदेखि छातीको भागसम्म छोपिएको थियो ।



### मेक्सिको

१९९८ को फ्रान्स विश्वकपमा मेक्सिकोको युवा टोलीले कार्लोस हर्मोसिलो जस्ता अनुभवी स्टारलाई विवादास्पद रुपमा नजरअन्दाज गरेको थियो । तर नसोचेको नतिजा आयो र उनीहरु नयाँ युगमा प्रवेश गरे ।

हरियो रंगको आकर्षक स्वदेशी हरियो जर्सीमा लुइस हर्नान्डेजको उत्कृष्ट खेलले मेक्सिको अन्तिम १६ मा स्थान बनाउन सफल भयो । तर त्यसभन्दा माथि जान सकेन ।

### पेरु

छड्के धर्का भएको जर्सी संधै लोकप्रिय हन्छ तर यसलाई एक देशले मात्रै आफ्नो पहिचानको रुपमा लिएको छ ।

सन् १९३६ देखि पेरुले बाँया काँधबाट सुरु दाँया कम्मरसम्म आउने रातो धर्के जर्सी लगाउन थालेको हो र त्यसमध्ये पनि सन् १९७० को पेरुको होम जर्सी सबैभन्दा राम्रो थियो ।

### ब्राजिल

जब ब्राजिलले मेक्सिकोमा तेस्रो विश्वकप उचाल्यो त्यतिखेर ब्राजिलको पहेँलो र हरियो जर्सीहरु दुई दशकभन्दा कम उमेरका थिए । यसै विश्वकप पछि नै ब्राजिलको पहेँलो होम जर्सी नचिन्ने कोही पनि फुटबलप्रेमी भएनन् ।

अहिलेसम्मकै उत्कृष्ट मानिने उक्त ब्राजिली टिममा पेले, जर्जिन्हो, टोस्टाओ र रिभेलिनोले सबैलाई बढारिदिए र फाइनलमा इटाली माथि ४-१ को जित दर्ता गरे ।

ब्राजिलले यसअघि सन् १९६२ र १९५८ मा पनि विश्वकप जितेको थियो तर यो विश्वकपको वर्ष रंगिन टिभी भर्खर आएको थियो र टेलिभिजन हेर्ने दर्शक पनि बढेका थिए त्यसले पनि ब्राजिलको पहेँलो जर्सीलाई कहिल्यै पनि नर्बिसने बनाइदियो ।

### क्रोयसिया

पेरुको छड्के धर्सा जस्तै क्रोयसियालाई उनीहरुको नौलो चेक जर्सीबाट छुट्याउन सकिँदैन । त्यसमा पनि १९९८ को फ्रान्स विश्वकपमा १० क्रोयसियाको टिमले लगाएको जस्तो राम्रो जर्सी अर्को हुँदैन होला ।त्यतिखेर डाभोर सुकेर क्रोयसियाका उच्च गोलकर्ता थिए र उनीहरुले पहिलोपटक लोट्टोको जर्सी लगाएका थिए । रातो सेतो चेकले दुई तिहाइ भाग ढाकेको आकर्षक होम जर्सी उनीहरुले किन परिवर्तन गरे भन्ने पनि धेरैलाई लाग्न सक्छ ।

### पश्चिम जमर्नी

९० को दशकले चम्किलो डिजाइनहरु, विभिन्न रंगहरु मिसिएको र विभिन्न खाले प्याटर्नहरु फुटबलको जर्सीमा राख्न थालियो । सबै देशका जर्सी मिसाएमा हेर्दा मेक्सिकन गोलरक्षक जर्ज क्याम्पोसको जस्तै देखिन सक्छ ।

सन् १९९० को पश्चिम जमर्नीको इटाली विश्वकपको होम जर्सी यस्ता जर्सीको पहिलो अवधारणा हो जसमा जमर्नीको झण्डालाई अमूर्त रुपमा जर्सीको अगाडिको भागमा राखिएको थियो ।

त्यस्तै त्यस जर्सीको डिजाइनमा भएको उच्च विन्दुले जर्मनीको १९७४ को विश्वकपको विजयलाई जनाउँछ र तल एकैचोटी तल झरेको धर्काले उनीहरु १९७८ मा दोस्रो राउण्डबाट बाहिरिएको संकेत गर्छ, त्यसपछि थोरै बढेको धर्काले सन् १९८२ को फाइनलको हार र त्यसपछिको स्थिर तेर्सो धर्साले सन् १९८६ को फाइनल हारेको संकेत गर्छ ।

त्यसपछि फेरि माथि गएको धर्काले १९९० को विश्वकप जित्ने भविष्यवाणी गरेको थियो । पश्चिम जर्मनीले जर्सीमा गरेको भविष्यवाणी जस्तै १९९० को विश्वकप उपाधी पनि उचालेरै छोड्यो त्यसैले पनि यो जर्सीलाई अहिलेसम्मकै चर्चित विश्वकप जर्सी मानिन्छ ।

*(अनलाइनहरुको सहयोगमा)*

---

बांगा कविता

## तिमी ठोक



● प्रेम ओली (ढकलपुरे)

जे मन लाग्छ ठोक
जस्तो मन लाग्छ ठोक
हामी पनि के कम ?
मन लागे कमेन्ट पोखौंला
नभए लाइक ठोकौंला
सोझो कुरालाई पनि बंग्याएर हाल
रिस उठेकालाई दङगाएर हाल
कुखराको जस्तो कपाल रंग्याएर हाल
सुङगुरले जस्तो ओठ बंग्याएर हाल
सक्छौ भने अझ आफूलाई नंग्याएर
हाल
अफिसको कामै छोडेर भए पनि
सके कमेन्ट पनि पोखौला
नभए लाइक ठोकौला ।

जनताको काम छुटेछ भने पनि के भो र
आज नभए भोलि आउँछन्
यो बिरोजगारीको देशमा तिनीहरुले पनि
कमसेकम अफिस धाउने काम त
पाउँछन्
आफ्नी श्रीमतिलाई मिस गरेको हाल
प्रेमिका छ भने किस गरेको हाल
मन नपरेकलाई रिस गरेको हाल
रिस उठेकोलाई ठिस गरेको हाल
कमसेकम फेस बुक आएपछि
हामीले एउटा काम पाका छम
कतै केही गर्न नपाए पनि
फेसबुकमा ठाम पाका छम
मैले कमेन्ट गरें भनेर

तिमीसँग कमेन्ट माग्दिन
तिमीले लाइक नगरे रिसाएर म भाग्दिन
पसलमा ग्राहक आएछन् भने पनि
बरु तिनीहरुलाई एकछिन रोकुँला
तिम्रो वालमा लाइकका लाइक
ठोकुँला ।

जुँगा पलाको हाल
बारीमा फर्सी भ्यान्टा फलाको हाल
अरु के के पलाको छ हाल
फेसबुक नभएको भए
मनको कुरा बेलुनझैं फुलिन्थ्यो
कति युवा बरालिएर भ्यालखानामा
थुनिन्थ्यो
फेरि चौबिसै घण्टा फेसबुकमा टाँसिए
पनि
हाम्ले कम्ति धर्म कमा छाम
एउटा गरिबको फेसबुक चलाइदिएर
यसलाई अरबपति त बना छम ।

---

कथा

## चोट

आलोक गौतम

'म हजुरको कथाकी पात्र ।'

भर्खर साहित्यमा स्नातकोत्तर उपाधि लिएकी जुहीको कथाको शीर्षक पढेपछि विनय शर्मा अलि भावुक भए । कथा आद्योपान्त पढेपछि उनलाई खलखल पसिना आयो ।

'यसरी सबै कुरा नखोलेको भए हुन्थ्यो जुहीले ।' विनयले मनमनै सोचे ।

पात्र, स्थान, घटनाक्रम सबै मिल्छ विनयको जीवनसँग ।

'आस्था, एक कप कफी बनाउने समय छ ?' उनले पत्नीलाई आग्रहयुक्त प्रश्न गरे ।

'मलाई अफिस जान हतार भइसक्यो । खाना खाने बेलामा कफी खाने र ?' आस्थाले सोधिन् । तिमी खाना खाएर जाऊ । म अलिक अबेर खाउँला...। अहिले कफी खाएर लेख्न बस्छु । 'छोरी स्कुल गइसकेकी थिई । आस्था अफिस गएपछि विनयको मन विचलित भइरह्यो ।

साउनको महिना । मुसलधारे पानी परिरहेकै थियो । पाँच सात घन्टादेखि लगातार परेको झरीले जस्तै पीडा, विषाद र पश्चात्तापले अविरल भिजाएको छ उनको मन ।

कथाको शीर्षकले घोचिरह्यो उनलाई । व्यंग्य, गुनासो, आक्रोश, आक्रमण, याचना, पश्चात्ताप र घृणा मिसिएको छ कथा । उनले दोहोर्‍याएर कथा पढे । हरेक संवादले छातीमा छुरी हानेझैं लाग्थ्यो । '...मिस्टर शर्मा, तपाईं र मेरो बीचको शारीरिक सम्पर्क बलात्कार थियो कि सहवास ?'

'मिस्टर शर्मा, तपाईंलाई चोट लाग्दा मलाई पीडा हुन्थ्यो । आखिर त्यो संवेदना थियो कि प्रेम ?' '...मिस्टर शर्मा, हजारौं दुर्वाच्य तथा अपमान सहेर मैले सामाजिक आक्रमणको प्रतिकार गर्दै तपाईंसँग जीवन बिताउने प्रण गरेँ, त्यो नाटक मात्र थियो कि आराधना ?'

'...मिस्टर शर्मा, एउटी नारी रोग, भोक, अभाव र चरम दुःख हाँसेर सहिदिन्छे, तर जब कसैले उसको स्वच्छ चरित्रमा प्रश्न उठाउँछ, त्यतिबेला ऊ बघिनी बन्छे । स्वाभिमान र इज्जतमा होली खेल्न खोज्नेहरुसँग ऊ जाइलाग्छे । चण्डी बनेर ऊ शुण्ड मशुण्ड तथा हजारौं दैत्यहरुसँग पनि लड्न तयार हुन्छे । संघर्ष गर्दागर्दै प्राण जाओस् तर ऊ अपमान सहेर बस्न सक्दिनँ । त्यसैले मिस्टर शर्मा, म तपाईंलाई आजीवन क्षमा गर्न सक्दिनँ...। माफ गर्नुहोला, मैले बगाएका एक एक थोपा आँसुको हिसाबकिताब चुक्ता गरेर मात्र म मर्नेछु ...।'

'उफ् कति क्रुर भइछ जुही...।'

विनयले कथाका संवादहरु पढेपछि तौलियाले पसिना पुछे । तर हजार चोट खाएपछि हरेक मान्छे पत्थर बन्छ भन्ने कुरा विनयले पटक्कै बुझ्न सकेनन् ।

'आत्मालोचना, आत्मनिरीक्षण, आत्म मूल्यांकन, आत्म समीक्षा र आत्म विवेचना गर्नुहोस् है विनय दाइ । तपाईंले जुहीमाथि अत्याचार गर्नुभएको छ ।' सबलचन्द्रले भनेका शब्दहरु सम्झे विनयले । कथाभित्रको बेग्लै कथा जस्तो छ- विनय, सबल र जुहीको त्रिकोणात्मक सम्बन्ध । देहरादुनबाट आएर विनयको घरमा पढ्न बसेकी थिई जुही । 'पेटको रोगबाट मुक्त हुने भए तीन चार वर्ष अलि चिसो ठाउँमा गएर बस्नुपर्छ जुहीले । हावापानी परिवर्तन भएपछि उनको रोग आफैं निर्मूल हुन्छ ।' डाक्टरको सल्लाहअनुसार जुहीलाई फुपूको घरमा काठमाडौं ल्याइयो ।

फुपूका छोरा विनयलाई तिहारमा भाइटीका लगाइदिइन् जुहीले । दाजु बहिनीको निष्कलंक सम्बन्ध विस्तारै प्रेमी प्रेमिकाको शारीरिक सम्बन्धमा अनुवाद भयो । गर्भ रहेको थाहा भएपछि दुवै छाँगाबाट खसेझैं भए ।

विनयको नातेदार भाइ सबलले सल्लाह दियो- 'दाजु, 'एबोर्सन' गर्दा जुहीको प्राण जान सक्छ । तपाईंको घराना, जुहीको इज्जत र दुवै परिवारको प्रतिष्ठा जोगाउने मसँग एउटा उपाय छ ...।' 'के उपाय ?' विनय बोल्यो ।

म जुहीसँग बिहे गर्छु । उसको पेटमा हुर्किरहेको बच्चाको बाबु म नै हुँ भनिदिन्छु । सडकमा भेटेको बेवारिसे शिशुलाई त मानिसले छोराछोरी बनाएर पालेका छन् । तपाईंको बच्चा मैले स्वीकार गर्न किन हुँदैन ?

विनयले सबललाई गम्लङ्ग अँगालो हालेर रोयो । 'किन रुनुहुन्छ दाइ ? म तपाईंको फुपूको छोरा । तपाईंको संकटमा सहयोग गर्न सकिनँ भने मलाई भाइ हुँ भन्ने अधिकार हुँदैन ।' एक्काइस वर्षको अपरिपक्व युवकले यति ठूलो उदारता देखाउला भन्ने सोचेकै थिएन विनयले ।

मन्दिरमा गएर सबल र जुहीले बिहे गरे । आत्महत्या गर्ने फैसला गरिसकेकी जुहीलाई धेरै सम्झायो सबलले ।

'सबल, म तपाईंलाई अरुका सामु पति मानिदिन्छु । तर हामीबीचमा पतिपत्नीको सम्बन्ध हुनेछैन ।' जुहीले शर्त राखेकी थिई । सबलले यावत् शर्त स्वीकारेर विनय र जुहीको प्राण र इज्जत बचाइदियो ।

केही दिनपछि पृथक् भए उनीहरु । एउटा स्कुलमा पढाउन थालिन् जुहीले । न विनयसँग भेट हुन्थ्यो, न माइतीसँग । सबलले आठ दश हजार रुपियाँ दिएर डेरामा चाहिने सामानहरु जुटाइदियो ।

सुसंस्कृत र सुसम्पन्न परिवारका जुही र सबलले अपमानको विष पिएर विनयलाई चोखो सावित गरिदिए तर विनयको व्यवहारले पीडा भइरह्यो जुहीलाई । विनयले कहिले पनि जुहीका बारेमा सोधेनन् सबललाई । बरु जुही सोधिरहन्थिन् सबललाई–

'विनयलाई कस्तो छ ?'

आस्था र विनयको विवाहको कुरा टुंगो लागेपछि ठूलो चोट लाग्यो जुहीलाई ।

सबलसँग उनले भनिन्- 'म अब के नै गर्न सक्छु र ? तर आँसु नरित्तिएसम्म रोइरहन्छु । मनको दह अलि सफा हुन्छ कि ?' जुहीको अनुहार पढेर अन्यमनस्क बन्यो सबल ।

उसले सल्लाह दियो– 'जुही तिमी कथा र उपन्यास लेख । भारी मनलाई सान्त्वना दिने एउटा उपाय हो साहित्यिक सिर्जना ।

जुहीले पहिलो कथा लेखी–

'म हजुरको कथाकी पात्र ।'

# विश्वको अपेक्षा : शान्ति र एकता



विष्णु भट्टराई

## किम-ट्रम्प सिंगापुर वार्ता

अन्ततः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच शिखर वार्ता सम्पन्न भएको छ । सिंगापुरको सेनटोसास्थित होटल कापेलोमा गरिएको सो वार्ता निकै सकारात्मक भएको अमेरिकी राष्ट्रपति ट्रम्पले बताएका छन् ।

वार्तापछि राष्ट्रपति ट्रम्पले भने, 'वार्तामा एकदम राम्रो प्रगति भएको छ, यस वार्ताले हामीलाई एकदम सफलता दिनेछ ।' मंगलबार बिहानको छोटो वार्तापछि संवाददातालाई प्रतिक्रिया दिँदै उनले वार्तामा निकै धेरै प्रगति भएको छ र यसले आफूहरूलाई भोलिका लागि पनि सकारात्मक वातावरण निर्माण गरेको उल्लेख गरे ।

वार्तामा प्रवेश गर्नुअघि पनि उनले पत्रकारसँग गरेको कुराकानीका आफू आशावादी रहेको बताएका थिए । त्यस समयमा संक्षिप्त कुरा गर्दै राष्ट्रपति ट्रम्पले उत्तर कोरियाली नेता किमसँग अहिलेसम्म नभएको सम्बन्धको विकास हुने बताएका थिए । वार्ताका लागि होटलमा प्रवेश गर्नुअघि उनीहरूले होटलबाहिरै हात मिलाएका थिए । हात मिलाएपछि विश्वका सञ्चारमाध्यमले अमेरिकाको बहालवाला राष्ट्रपति र उत्तर कोरियाली नेताबीच पहिलोपटक ऐतिहासिक भेट भएको समाचारलाई प्राथमिकताका साथ प्रचार गरेका थिए ।

अमेरिकी राष्ट्रपति र उत्तर कोरियाली नेताबीच हुने भनिएको यस वार्ताको यस महत्वपूर्ण घटनाका लागि विश्वका सञ्चारमाध्यमले निकै पहिल्यैदेखि नै समाचार सम्प्रेषण गरिरहेका थिए । यो क्षणलाई आफ्नो सञ्चारमाध्यममा प्रसारण गर्न विश्वका सयौं पत्रकार सिंगापुर पुगेका थिए ।

'आज जे भयो त्यसका लागि हामी निकै गर्व गर्छौं । अब उपरान्त उत्तर कोरिया तथा समग्र कोरिया प्रायद्विपसँगको हाम्रो सम्बन्धमा परिवर्तन आउने छ । पहिलेभन्दा फरक हुनेछ' ट्रम्पले पत्रकारसँग भने । त्यसअघि दुई नेताले सम्झौतामा हस्ताक्षर गर्दै सौहार्दपूर्ण रूपमा हात मिलाएर तस्विर खिचाएका थिए । ५० मिनेट चल्यो ऐतिहासिक एकान्त वार्ता, दुवैले भने- मतभेद तोडेर नयाँ सम्बन्ध सुरू भयो

ऐतिहासिक वार्तापछि दुवै नेताले पहिलो वार्ता फलदायी भएको प्रतिकृया दिए । राष्ट्रपति ट्रम्पले किमसँगको सम्बन्ध आगामी दिनमा पनि सौहार्दपूर्ण रहने विश्वास व्यक्त गरे ।

पुराना मतभेदलाई भुलेर आफूहरू अगाडि बढिसकेको भन्दै उनले भने, 'दुई देशबीच नयाँ शिराबाट सम्बन्ध स्थापित भएको छ । मलाई विश्वास छ, यो सम्बन्ध सौहार्दपूर्ण र दुई देशको हितमा अघि बढ्नेछ ।' 'यस्तै, किमले कयौँ बाधालाई चिर्दै यो शिखर वार्ता सम्भव भएको प्रतिकृया दिए ।

'हाम्राबीचमा थुप्रै असमझदारीहरू थिए । कयौं बाधा थिए । ती सबैलाई चिर्दै हामी वार्तामा बस्न सफल भएका छौं,' उनले भने, 'यसलाई मैले ऐतिहासिक मानेको छु । धेरै नै राम्रो काम भएको छ ।' दुई नेताबीचको एकान्त 'वन टु वन' वार्तामा दोभासेलाई मात्र प्रवेशको अनुमति थियो । विश्लेषकहरूले यो वार्तालाई थुप्रै कारणले ऐतिहासिक भनेका छन् ।

यसैबीच उत्तर कोरियाली नेता किम जोङ उनले सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएको शिखर वार्ताको क्रममा कोरियाली प्रायद्वीपलाई पूर्णनिशस्त्रीकरण गर्ने विषयमा प्रतिबद्धता जनाएका छन् । उत्तर कोरियाली नेता किम र अमेरिकी राष्ट्रपति ट्रम्पबीचको सो सम्झौतामा कोरियाली प्रायद्वीपमा नै पूर्णनिशस्त्रीकरण गर्ने सहमतिसहित हस्ताक्षर गरेका छन् ।

दुई नेताले सिंगापुरमा भएको वार्तापछि एक संयुक्त सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् । अमेरिकाले उत्तरकोरियाको पूर्ण प्रमाणीकरण गर्न सकिने र उल्टाउन नसकिने प्रकृतिको परमाणु निशस्त्रीकरणका लागि जोड दिँदै आएको थियो ।

वार्ताबाट प्रभावित भएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेतालाई फेरि भेट्ने वचन दिएका छन् । सिंगापुरमा भएको ऐतिहासिक शिखर सम्मेलनपछि राष्ट्रपति ट्रम्पले नेता किमलाई ह्वाइटहाउसमा भेट्ने वचन दिएका हुन् । दुई नेताबीच भएको पहिलो भेटघाटबाट अत्यन्त प्रसन्न भएका ट्रम्पले उत्तर कोरियाली नेतासँग बारम्बार भेट गर्ने पनि बताए ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मंलबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच भएको शिखर सम्मेलनको स्वागत गरेका छन् । उनले सम्मेलन कोरियाली प्रायद्वीपलाई आणविक रूपमा निशस्त्रीकरण गर्नका लागि कोशेढुंगा हुने विश्वास व्यक्त गरे ।



महासचिव गुटेरेसले सम्बन्धित सबैलाई 'महत्वपूर्ण मौका' को सदुपयोग गर्न आग्रह गर्दै उत्तर कोरियाली आणविक कार्यक्रमलाई नष्ट गर्ने विषयमा सफलता हासिल गर्न संयुक्त राष्ट्रसंघको सहयोग रहने बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच भएको ऐतिहासिक शिखरवार्ताका क्रममा चारबुँदे सहमति भएको छ । बहुप्रतिक्षित ट्रम्प-किम वार्तापछि उत्तर कोरियालाई सुरक्षा ग्यारेन्टी गर्नेदेखि पूर्ण परमाणु निःशस्त्रीकरणका लागि प्रतिबद्धता जनाउनेसम्मका चारबुँदे सहमति भएका हुन् । सो संयुक्त सहमतिपत्रमा अमेरिकी राष्ट्रपति ट्रम्प र उत्तर कोरियाली नेता किमले हस्ताक्षर गरेका छन् । सहमतिपत्रमा हस्ताक्षर गरेपछि किमले मुस्कुराउँदै हात मिलाएका थिए । वार्तासँगै दुवै नेता यो वार्ताको प्रक्रियालाई जारी राख्न र पटकपटक भेटवार्ता गर्न पनि सहमत भएका छन् ।

किमसँगको वार्ता कस्तो हुन्छ भन्ने भेट भएको एक मिनेटमा नै पत्ता लगाउने भन्दै सिंगापुर पुगेका ट्रम्पले चारबुँदे सहमतिपत्रमा हस्ताक्षर गरेपछि उत्तर कोरियाली नेतासँगको वार्ता अनुमान गरेभन्दा पनि धेरै शानदार ढंगले सफल भएको बताए । दुवै देशका प्रतिनिधिमण्डलको संयुक्त बैठकपछि दुवै नेताले संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा ट्रम्पले सो भनाइ राखेका हुन् । उनले भने, 'आज जे भएको छ, यसबाट हामी गर्व महसुस गर्छौं, उत्तर कोरिया र कोरियाली प्रायद्वीपसँग हाम्रो जुन पुरानो सम्बन्ध थियो, त्यसमा ठूलो परिवर्तन आउनेछ ।'

### यस्तो छ ट्रम्प-किम सहमति

१. संयुक्त राज्य अमेरिका र प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (डीपीआरके) दुई देशका जनताको चाहनाअनुसार शान्ति र समृद्धिका लागि नयाँ अमेरिकी-उत्तर कोरियाली सम्बन्ध स्थापना गर्न प्रतिबद्ध छन् ।

२. संयुक्त राज्य अमेरिका र प्रजातान्त्रिक जनगणतन्त्र कोरिया कोरियाली प्रायद्वीपमा दिगो र स्थायी शान्ति स्थापना गर्न संयुक्त रूपमा प्रयास गर्नेछन् ।

३. २७ अप्रिल २०१८ मा भएको पानमुनजोम घोषणापत्रप्रति समर्थन जनाउँदै प्रजातान्त्रिक जनगणतन्त्र कोरिया कोरियाली प्रायद्वीपलाई पूर्ण परमाणु निशस्त्रीकरणका दिशामा काम गर्न प्रतिबद्धता व्यक्त गर्दछ ।

४. संयुक्त राज्य अमेरिका र प्रजातान्त्रिक जनगणतन्त्र कोरिया युद्धबन्दी र युद्धका क्रममा बेपत्ता भएकाहरूको अवशेष खोजी गर्ने र पहिचान भइसकेका पार्थिव शरीरका अवशेषहरूलाई सम्बन्धित देशमा तत्काल पठाउन पनि प्रतिबद्धता जनाउँछन् । महासचिव गुटेरेसद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सिंगापुरमा भएको सम्मेलन विश्वको दीर्घ शान्ति र पूर्ण तथा प्रमाणित रूपमा कोरियाली प्रायद्वीपलाई आणविक रूपमा निशस्त्रीकरण गर्न अग्रगामी कदम अर्थात् कोशेढुंगा साबित हुनेछ ।'

मंगलबार भएको ट्रम्प-किम सम्मेलनमा दुवै देशका नेताले हस्ताक्षर गरी जारी गरिएको संयुक्त विज्ञप्तिमा प्योङयाङले कोरियाली प्रायद्वीपलाई पूर्ण रूपमा आणविक निशस्त्रीकरण गर्ने प्रतिबद्धता जाहेर गरेको छ । यद्यपि, वक्तव्यमा आणविक कार्यक्रमलाई नष्ट गर्ने प्रतिबद्धता जनाइए पनि प्रमाणित' भन्ने शब्दावली भने समावेश छैन ।

सम्मेलन पूर्वमहासचिव गुटेरेसले प्रमाणित रूपमा आणविक निशस्त्रीकरण हुनु सम्मेलनको निर्दिष्ट लक्ष्य हुनुपर्ने भन्दै यसमा अन्तर्राष्ट्रिय आणविक शक्ति निकाय (आईएईए)ले काम गर्ने बताएका थिए । उत्तर कोरियाले पत्रकारहरूको उपस्थितिमा आणविक परीक्षण केन्द्र नष्ट गरिने बताउँदै विदेशी सञ्चारमाध्यमलाई निमन्त्रणा पठाएपछि राष्ट्रसंघका महासचिवले सो स्थानमा अन्तर्राष्ट्रिय विशेषज्ञलाई बोलाइनुपर्ने बताएका थिए । उनले किमसँग आफ्नो एक खास सम्बन्ध बनेको बताए । किमको तारिफ गर्दै ट्रम्पले भने, 'उनी धेरै प्रतिभाशाली व्यक्ति हुन् र आफ्नो देशलाई धेरै माया गर्छन् ।' 'यो वार्ताबाट ऐतिहासिक सफलता हाँसिल भएको छ,' ट्रम्पले भने, 'अब उत्तर कोरियाको परमाणु निशस्त्रिकरण प्रक्रिया निकै चाँडै सुरु हुनेछ ।'

यस्तै, किमले पनि यो वार्ताको परिणामस्वरूप विश्वमा नयाँ परिवर्तन आउने विश्वास व्यक्त गरे । नेता किमले भने, 'यहाँसम्म आइपुग्न सजिलो थिएन, हाम्रो इतिहास र हाम्रा मान्यता यस दिशामा अघि बढ्न बाधक थिए तर हामीले ती सबैलाई पार गरेर यहाँ उपस्थित भएका छौं ।'

भेटवार्तापछि ट्रम्प र किम सिंगापुरको सेनटोसास्थित होटलको बगैंचामा केही समय घुमेका थिए । प्रतिनिधिमण्डलको संयुक्त बैठकअघि ट्रम्प र किमबीच ३८ मिनेट कुराकानी भएको थियो । सो भेटमा दोभाषे प्रयोग गरिएको भए पनि वार्ता समाप्त भएपछि ट्रम्पले अंग्रेजीमा भने, 'नाइस टु मिट यु, मिस्टर प्रेजिडेन्ट ।' दुई नेता वार्ताबाट बाहिरिएर होटलको बाहिर हिँड्दैगर्दा सञ्चारकर्मीले किमलाई केही प्रश्नसमेत सोधेका थिए । एक सञ्चारकर्मीले सोधे, 'अध्यक्षज्यू, के तपाई परमाणु निःशस्त्रीकरणका लागि तयार हुनुहुन्छ ?' अर्का एक सञ्चारकर्मीले पनि सोधे, 'मिस्टर किम, के तपाई परमाणु हतियार नष्ट गर्नुहुन्छ ?' तर किमले यी दुवै प्रश्नको कुनै उत्तर दिएनन् । किमसँगै हिँडिरहेका राष्ट्रपति ट्रम्पले भने सबै कुरा राम्ररी अघि बढिरहेको जानकारी गराएका थिए ।

दुई नेताबीचको आपसी भेटवार्तापछि भएको प्रतिनिधिमण्डलस्तरीय बैठकमा ट्रम्पसँगै विदेशमन्त्री माइक पोम्पिओ, ह्वाइटहाउसका चिफ अफ स्टाफ जोन केली र सुरक्षा सल्लाहकार जोन बोल्टन थिए भने किमसँग उनका निकट सहयोगी मानिने किम योङ चोल, विदेशमन्त्री री योङ हो र पूर्वविदेशमन्त्री री सु योङ सहभागी भएका थिए । यो कुनै पनि बहालवाला अमेरिकी राष्ट्रपतिले उत्तर कोरियाली नेतासँग गरेको पहिलो औपचारिक भेटवार्ता भएकाले विश्वभर नै यसलाई चासोपूर्वक हेरिएको छ ।

यद्यपि, किम र ट्रम्पबीचको यो भेटवार्तापछि पनि उत्तर कोरियामाथि अमेरिकाले लगाएको प्रतिबन्ध तत्काल नहट्ने देखिएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले उत्तर कोरियामा मानवअधिकारको स्थितिमा व्यापक सुधारपछि मात्रै प्रतिबन्ध हटाउने दिशामा अघि बढ्ने बताएका छन् । कोरिया प्रायद्वीपसँगै अमेरिकाले पनि निशस्त्रीकरण हुने प्रतिबद्धता जनाएको छैन । उत्तर कोरियालाई निशस्त्र बनाएर इराक र लिबियामा जस्तै अमेरिकाले आक्रमण गर्ने छैन भन्ने कुनै आधार देखिएको छैन ।

*(एजेन्सीहरूको सहयोगमा)*

# रोचक संसार

## झ्याल नभएको हवाईजहाज

दुबईको इमिरेट्स एइरलाइन्सका मालिकले यसको योजना बनाइसकेका छन् । इमिरेट्स एयरलाइन्सका प्रमुख सर टिम क्लार्कका अनुसार आउँदा वर्षहरुमा झ्याल नभएका जहाजको कुरा यथार्थमा परिणत हुनेवाला छ । बुधबार एउटा एयरलाइन्सको फर्स्ट क्लास क्याबिन खण्डमा यस्तै देखियो । जहाजमा क्याबिन खण्डमा कुनै झ्याल थिएनन् ।

झ्याल नहुनका कारणले फाइबर अप्टिक्समार्फत जडित क्यामराको एक प्रणालीका माध्यमले यात्रुहरुलाई बाहिरका दृश्यहरु देखाइयो । इमिरेट्स एयरलाइन्सको बोइंग ७७७-३०० इआर जहाजको फर्स्ट क्लास क्याबिनमा यो सुविधा सुरु गरिसकिएको छ र छिटै जहाजका हरेक खण्डमा लागू गरिनेछ । वास्तवमा विमानमा वास्तविक झ्यालको साटो भर्चुअल झ्यालहरु हुनेछन् । क्लार्कका अनुसार विमानमा झ्याल नहुनाले विमानको संरचना बलियो बन्न सक्ने र साथै वजन समेत कम हुने र तिव्र गतिमा उडान भर्ने हुँदा इन्धन समेत कम खपत हुन्छ ।

जहाज विज्ञका अनुसार झ्याल नहुँदा विमानमा मनलाग्दी डिजाइन परिवर्तनको सम्भावना पनि बढ्दछ । हरेक कुरामा बचत हुन्छ । यद्यपि उनी यात्रुको रुपमा जहाजमा झ्याल हुनु अनिवार्य ठान्दछन् र यसमा सम्झौता गर्न चाहँदैनन् । कृत्रिम झ्याल कहिल्यैपनि वास्तविक झ्यालको विकल्पन बन्न नसक्ने उनको भनाइ छ ।

## अनौठो भूतगाउँ

चीनको पूर्वी क्षेत्रमा रहेको झेजियांग प्रान्तस्थित शेंगशान टापु । सोही टापुमा छ, हुटोवान नामक एउटा गाउँ । यो गाउँको दृश्य कुनै हलिउड फिल्मको भुताहा गाउँको दृश्य भन्दा कम छैन । हरियो गाउँ तथा लहराहरुले गाउँका सबै भवनहरुमा कब्जा जमाएको छ । अर्थात् गाउँका सबै घरहरु हरिया छन्, कुनै खण्डहरमा वर्षौंपछि रुखविरुवा पलाएको जस्तो ।

समाचार एजेन्सी एएफपीका एकजना फोटो पत्रकारले उक्त क्षेत्रको भ्रमण गरी त्यहाँका आकर्षक तस्वीरहरु क्यामरामा कैद गरे । कुनै समय ५ सय घर रहेको र थुप्रै जनसंख्या रहेको यो गाउँमा निकै चहलपहल हुन्थ्यो । दुई हजार भन्दा धेरै माझी परिवार बस्दथे । तर यो टापु यति टाढा छ कि सडकले छोएको अर्को भूभागमा जान आउन निकै सकस छ । त्यसैले शिक्षा, स्वास्थ्य तथा जिविकोपार्जनका सरसामान ल्याउन समेत कठिनाई महसुस गर्दै मानिसहरु बसाई सर्न थाले । सन् १९९० को दशकदेखि यहाँबाट बसाई सराई सुरु भएको हो । चार वर्षको अवधिमा लगभग सबैजसो गाउँलेहरु गाउँ छाडेर निस्के । अहिले त्यहाँ औंलामा गन्न सकिने मानिसहरुमात्र गाउँमा बस्ने गरेका छन् ।

मानिसहरुले छाडेसँगै गाउँलाई प्रकृतिले कब्जा गर्यो । यसतत्र रुखविरुवा, लहरा तथा घाँसहरु पलाउन थाल्यो र घरहरुलाई पनि लहराहरुले छोप्यो । जसका कारण यो हरितगाउँ बनेको छ अनि पर्यटकको आकर्षणको केन्द्र बन्दैछ ।

## भिजिटिङ कार्ड भाइरल

सोसल मिडियाको यो जमानामा कहिले के भाइरल हुन्छ ? भन्ने कुराको अनुमान लगाउन गाह्रो पर्दछ । पछिल्लो समय सोसल मिडियामा एउटा भिजिटिङ कार्ड चर्चाको विषय बनिरहेको छ । भारतका एक अवकाशप्राप्त कर्मचारीको भिजिटिङ कार्डले ट्वीटरमा राम्रै चर्चा कमाइरहेको छ । सामान्यतः भिजिटिङ कार्डमा व्यक्तिको नाम, काम गर्ने कम्पनी, पद, सम्पर्क नम्बर आदि उल्लेख हुन्छन् । तर यो कार्डमा त्योभन्दा फरक तथ्य छ । कार्डको सबैभन्दा माथिल्लो भागमा लेखिएको छ, नो अफिस, नो बिजनेस, नो जब, नो ओरिज ।

नाम जी सुनिल सचदेव र परिचयको रुपमा भारतीय आयल कर्पोरेसनको मुख्य व्यवस्थापकबाट अवकाशप्राप्त लेखिएको छ । त्यसको तलपट्टि रोचक जानकारी छ । जसमा जमघट, हल्का संगीत, घुमफिर, राजनीतिक बहस, नजिकका मान्छेसँग तास खेल्न, लन्च तथा डिनरका लागि आफू उपलब्ध रहेको उल्लेख छ ।

यो बिजनेस कार्डका सम्बन्धमा ट्वीटरमा राम्रै बहस भएको छ । एकजना ट्वीटर प्रयोगकर्ताले ती कार्डवाला काकाको ६ महिनाअघि नै मृत्यु भइसकेको आफूले थाहा पाएको भन्दै काकाले जीवनमा राम्रै मस्ती गरेको उल्लेख गरेका छन् ।

## नक्कली ट्रम्प र किमको वार्ता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच सिंगापुरमा हुने शिखर वार्ताको पूर्वसन्ध्यामा नक्कली ट्रम्प र किमबीच शिखर वार्ता भएको छ ।

सक्कली ट्रम्प र किमबीचको वार्ता निकै कडा सुरक्षाबीच गोप्य रुपमा हुनेछ । तर नक्कली किम र ट्रम्प एकाएक वार्ताको लागि प्रकट भएपछि सयौं सिंगापुरेले शनिबार मनोरञ्जन प्राप्त गरे । मुख्य सहरस्थि बुगिस जंक्सन मलमा किमको क्यारिकेचर गर्ने चर्चित हंगकंगेली कलाकार होवार्ड एक्स तथा ट्रम्पको क्यारिकेचर गर्ने कलाकार डेनिस अलान एकाएक किम र ट्रम्पको भेषमा प्रकट भएपछि सबै मानिस ट्वाँ परे ।

मलभित्रै स्टेजमा दुईजना एक आपसमा भेट भए, हात मिलाए र अंगालो मारे । निकै व्यस्त मलभित्र ग्राहकहरुलाई हात हल्लाउँदै उनीहरु अगाडि बढेका थिए ।

## कामचोरलाई झापड

चीनको एउटा कम्पनीमा त्यहाँकी महिला हाकिमले आफ्ना कर्मचारीलाई अनौठो खाले कारवाही गरेकी छिन् । सायद आधुनिक सभ्य अफिसहरुमा यस्तो कारवाही अन्त कतै छैन होला । चीनको हुबेइ प्रान्तमा रहेको एक कम्पनीको समीक्षा बैठका क्रममा अनौठो घटना भएको छ । उक्त बैठक पछिको घटनाको भिडियो सोसल मिडियामा भाइरल बनेको छ ।

उक्त बैठक पश्चात् कम्पनीकी महिला प्रबन्धकले खराब कार्यसम्पादनको अभियोगमा कर्मचारीहरुलाई लाइनमा उभ्याएर गालामा झापड हानेकी छिन् । एक एक गर्दै कर्मचारीहरुलाई हाते कारवाही गरेसँगै कर्मचारीहरुलाई घुँडा टेकेर भुईंमा हिँड्न पनि आदेश दिइयो ।

समाचार अनुसार सुरुमा त ती महिला हाकिमले कर्मचारीलाई झापड हान्न संकोच मानेकी थिइन् । तर कर्मचारीहरु आफै हाते कारवाही भोग्न तयार भए र आफूहरुलाई झापड हान्न अनुरोध गरेसँगै उनले त्यसो गरेको बताइएको छ ।

## सर्पसँग बिहे

सिंगापुरमा एक अनौठो घटना सार्वजनिक भएको छ । त्यहाँका एक युवकले विषालु गोमन सर्पसँग बिहे गरेका छन् । तर उनले सर्पसँग बिहे गर्नुको कारण निकै अनौठो तथा दर्दनाक छ । ती युवकले घरमा उक्त सर्प पालेका थिए । सर्पसँग उनको लगाव धेरै थियो र सँगै खाने, घुमफिर गर्ने, खेल्ने काम गर्दथे । सर्पसँगको सम्बन्ध यति आत्मीय बन्यो कि अन्ततः उनले बिहे नै गरे ।

ती युवकका अनुसार उनकी एक प्रेमिका थिइन्, जसको ५ वर्षअघि मृत्यु भएको थियो । उनले निकै प्रेम गर्दथे प्रेमिकालाई । प्रेमिकाको मृत्युपछि सर्पसँग उनको प्रेम र लगाव यसरी बस्यो की उनले सोँचे मृतक प्रेमिका सर्पको रुप धारण गरेर आएकी छिन् । अनि उनले त्यहीँ सर्पसँग बिहे गरे ।

१० फुट लामो गोमन साँप देख्दा मानिस तर्सिन्छन् । तर ती युवक चाहीँ सँगै खाने, सुत्ने, घुमफिर गर्ने, खेल्ने गर्दछन् । कतै पिकनिक जाँदा पनि सर्पलाई लिएर जान्छन् । यो निके विषालु जातको सर्प भएपनि ती युवकलाई कहिल्यैपनि डसेको छैन । ती युवक बौद्ध धर्मावलम्बी भएको र पुनर्जन्ममा विश्वास गर्ने भएकाले सर्पलाई आफ्नी प्रेमिकाको पुनर्जन्मको रुपमा लिएको बताएको छ ।

## प्लास्टिकका फोहोर थुपार्ने क्याफ

क्याफेमा आफ्नो मनपर्ने खानेकुराको मज्जा लिन मोटै रकम तिर्नुपर्दछ । तर यो दुनियाँमा एउटा यस्तो क्याफेमा छ जहाँ तपाई आफ्नो घरमा भएका प्लास्टिकका फोहोरको सहाराले पेटभर खान पाउनुहुन्छ ।

बेलायतको लण्डनमा रहेको द रबिस क्याफेमा तपाई लाई फोहोरको बदलामा खानेकुरा प्राप्त हुन्छ । उक्त क्याफेमा मनपर्ने स्न्याक्स वा खानाको मज्जा लिनका लागि घरमा रहेका प्लास्टिकका फोहोर लैजानु आवश्यक हुन्छ । तर एउटा शर्त के छ भने तपाईले लग्ने फोहोर रिसाइकल गर्न सकिने खालको हुनुपर्दछ ।

यो क्याफे महिनामा जम्मा दुई दिन मात्र खुल्दछ । ग्राहकले पैसा होइन, प्लास्टिकको फोहोरले खाएको बिल भुक्तान गर्दछन् । जो पहिले आउँछ उसैले पाउँछ भन्ने नीति अनुसार ग्राहकलाई खानेकुरा पस्किइन्छ ।

इ-कभर नामको संस्थाले वातावरण विनासको मुख्य कारकतत्वको रुपमा रहेको बढ्दो प्लास्टिक फोहोर कम गर्नका लागि यो नौलो सोचसहितको क्याफे खोलेको हो ।

## एउटै रूखमा ५१ जातका आँप

भारतमा एकजना इन्जिनियर आफ्नो गाउँको अवस्था सुधार्ने भन्दै खेती किसानीमा लागेका छन् । खेती गर्न थालेका इन्जिनियरले साँच्चीकै चमत्कारै गर्न थालेका छन् र उनले यस्तो तरिका अपनाएका छन् कि एउटै बोटमा ५१ जातका आँप फलेका छन् । भारतको महाराष्ट्रका रवि मारशेटवारको यो उपलब्धि अहिले भारतभर नै चर्चाको विषय बनिरहेको छ ।

एउटै बोटमा ५१ जातका आँप फलाउन उनी सफल भए । ग्राफटिङ अर्थात् कलमी प्रविधिको प्रयोग गरी उनले यस्तो सम्भव पारेका हुन् । यसका लागि उनले १३ सय पटक अनुसन्धान गरेका थिए । उनी खेतिपातीको विधि सिक्न ५ सय भन्दा धेरै ठाउँको भ्रमण गरे, जहाँ उनको परिचय एकजना विशेष मान्छेसँग भयो ।

महाराष्ट्रका किसान देवरीकरसँग उनको भेट भयो ।

*अनलाइन खबरबाट*

प्रेरक

## जिब्रोको महिमा

एकपटक शरीरका अंगहरूबीच को ठूलो भन्ने विवाद चल्छ । आँखाले आफू सबभन्दा ठूलो भएको दलील पेस गर्दै भन्यो- 'यदि म नहुने हो भने मान्छेको जीवनको कुनै अर्थ हुँदैन । मैले नै मान्छेलाई उज्यालो दिएकाले उसको जीवन रमणीय हुन्छ । यदि म थिइँन भने मान्छेले छामेर हिँड्दै जीवन गुजार्नु पर्छ । सधैं अन्धकारमा बस्न बाध्य हुन्छ मान्छे । म जीवनको ज्योति हुँ, मेरो तुलना अरू अंगहरूसँग हुन सक्दैन ।' आँखाको घमन्ड सुनेर नाक भोक्कियो- म नाक नभएरुलो भए मान्छेको अनुहारको सुन्दरता हुने थिएन । दुई आँखाको बीचमा त्यसै म ठडिएको छु । मैले सास लिने र छोड्ने गरेर मान्छेलाई प्राण दिइरहेको छु । नाकबिनाको अनुहार विरूप हुन्छ, म मानव अनुहारको सुन्दरता हुँ । नाकको बखान सुनेर कानलाई रिस उठ्यो । यदि म नहुने हो भने मान्छे हब्ब न चब्बको हुन्छ । मेरै माध्यमले मान्छे सबभन्दा ज्ञानी प्राणी भएको हो । श्रवण शक्ति नभएको मान्छेको जीवन व्यर्थ हुन्छ । दाँतले पनि खाना चपाएर मान्छेको स्वास्थ्यलाई सहयोग पुऱ्याएको भन्न भुलेन । मुटुले शरीरमा रक्तसञ्चार गरेको, फोक्सोले अक्सिजन लिएर कार्बनडाइअक्साइड फ्याँकेको, कलेजोले रगत सफा गरेको, किट्नीले फोहोर छानेर शरीर बचाएको भनेर आफू आफू ठूलो हुँ भन्ने तर्क पेस गरे । यसबेलासम्म जिब्रो भने बोलेको थिएन । उसले सबैको घमन्ड चुर गर्ने निधो गऱ्यो । जिब्रो चटपटाउनै छोड्यो । दाँतले केही चबाउन पाएन । यतिसम्मकी मुखबाट शरीरमा पानी समेत पस्न सकेन । पानी र खाना नपाएपछि शरीरका सबै अंगहरू शिथिल भए । सबैले जिब्रोलाई अंगहरूको नेता मान्न बाध्य भए । जिब्रो चल्न थाल्यो । पानी खाना घाँटीबाट छिर्न थाल्यो । सबै अंगहरूमा ऊर्जा पैदा भयो । सबै अंगहरूले जिब्रोको प्रशंसा गर्न बाध्य भए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

शुभचिन्तकहरूको सहयोग जुटे पनि सानो कमजोरीले विवाद हुनेछ । परिवन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला। मौका पर्खदा स्थितिमा सुधार आउनेछ । मिहिनेतले आँटेको काम बन्नेछ । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला । अर्थ उपार्जनका विभिन्न स्रोतहरू फेला पर्नेछन् । समाजमा आफ्नो प्रभाव बढ्न सक्छ ।

### बृष

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

### मिथुन

अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । छर-छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुपर्ला । आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । बेलैमा होस नपुग्नाले फाइदा गुम्ने देखिन्छ । करकापमा परी काममा जुट्नुपर्ने वा विशेष निर्णय लिनुपर्ने परिस्थिति आउन सक्छ ।

### कर्कट

भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ । आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुनेछ । गरिएका कामको राम्रै मूल्यांकन हुनेछ । साझेदारीमा पनि राम्रो फाइदा हुनेछ । आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुनेछन् । दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ । चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ ।

### सिंह

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । नोकरी तथा व्यवसायमा विशेष फाइदा होला । रुचिका विषय वा क्षेत्रमा लगानी समेत बढाउन सकिनेछ ।

### कन्या

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । धेरै समय सामाजिक काममा जुट्नुपर्ला । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । प्रक्रिया नमिल्नाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ । तत्काल फाइदा नहुने काममा जुट्नुपरे पनि उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । स्वास्थ्यका लागि खानपानमा सचेत रहनुहोला ।

### तुला

बेसुरमा काम गर्ने बानीले समस्या निम्त्याउन सक्छ । समयमा गम्भीर नबन्दा दुःख पाइनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला । कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । गोपनीयता बाहिरिनाले आँटेको काम रोकिन सक्छ । बाध्यात्मक परिस्थितिले सताउने देखिन्छ । अरूका काममा अमूल्य समय खर्चनुपर्ला ।

### बृश्चिक

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । वादविवादले घर/गृहस्थीमा समस्या निम्त्याउने देखिन्छ । अर्थअभावले सताउन सक्छ । यात्राको प्रक्रियाले पनि खर्च बढाउनेछ । लोकाचारका लागि भोगविलासका अनावश्यक वस्तु जुटाउनुपर्ला । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउने समय छ । तापनि, प्रेम र मित्रताको बन्धन कसिन सक्छ ।

### धनु

शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ ।

### मकर

गोप्यता बाहिरिनाले समस्या आउला । स्वास्थ्यका लागि खानपानमा सजग रहनुपर्ला । अध्ययनमा समय दिन नसकिए पनि बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउन सक्छ । अप्ठ्यारा परिस्थिति सुल्झाउन केही समय जुट्नुपर्ला । अध्ययनमा गुरुजनको मार्गदर्शन उपयोगी हुनेछ । फाइदा लिन समय प्रतीक्षा गर्नुपर्ला ।

### कुम्भ

बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउलान् । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला ।

### मीन

काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । चिन्ताले सताउनेछ ।

## कता बेपत्ता आना ?

सुपरस्टार अनमोल केसी स्टारर फिल्म 'जेरी' बाट डेब्यु गर्दा अभिनेत्री आना शर्माको ठूलै हल्लाखल्ला थियो । फिल्म प्रदर्शनपश्चात् अधिकांश उनको अभिनयको तारिफ गर्ने भेटिए । यसपछि उनलाई नेपाली फिल्मले सम्भावना बोकेको नायिकाको रुपमा हेरेको थियो । डेब्यु फिल्म रिलिजको २ वर्षसम्म काँचको पर्दाबाट टाढा रहेकी आनालाई फेरि 'जेरी' निर्देशक हेमराज बिसीले नै कमब्याक गराए । फिल्म थियो 'ग्याङ्स्टर ब्लुज' । यसमा अभिनेता आशिरमान देशराज जोशी लिड रोलमा थिए ।

अभिनेत्री आना शर्मा अचेल कुनै नयाँ प्रोजेक्टमा आबद्ध भएको खबर प्राप्त छैन । फिल्मभन्दा बरु उनको लभ लाइफ भने यतिबेला खुब चर्चामा छ । आना अचेल सोनाम छिरिङ शेर्पासँगको प्रेममा रमाइरहेकी छन् । 'ग्याङ्स्टर ब्लुज' रिलिजताका यी दुईको प्रेम छताछुल्ल भएको थियो ।

## "छक्का पञ्जा ३" दशैंमा

यस वर्षको दशैंको फूलपातीबाट देशव्यापी प्रदर्शनमा आउन लागेको फिल्म 'छक्का पञ्जा' को तेस्रो सिरिजमा अभिनेत्री स्वस्तिमा खड्काको पनि प्रवेश भएको छ । मुहूर्तमा कलाकार तथा निर्माता दीपकराज गिरीले ठट्टा गर्दै स्क्रिप्टमा फुच्ची अभिनेत्री चाहिएको हुँदा स्वस्तिमालाई अटाउन नसकेको बताएका थिए । स्वस्तिमाले शनिवारबाट सुटिङ ज्वाइन गरिसकेकी छिन् । फिल्मको केही दृश्यसँगै एक गीतमा उनलाई देख्न पाइने निर्देशक दीपाश्री निरौलाले जानकारी दिइन् ।

उनको दृश्य खिचिसकेपनि गीतको छायांकन भने बाँकी छ । स्वस्तिमाको इन्ट्री भएसँगै दर्शकमा फिल्मप्रति थप कौतुहलता बढेको छ । 'छक्का पञ्जा २' मा उनले प्रियंका कार्कीको छोरीको भूमिका निर्वाह गरेकी थिइन् । फिल्मको असार पहिलो सातावाट सुटिङ सकिने बताइएको छ ।

## करिश्मा, रेखा र विपनाको मिलन

दशक अगाडिका तीन स्टार अभिनेत्रीको जमघट भएको छ । अभिनेत्री त्रय रेखा थापा, विपना थापा र करिश्मा मानन्धरको शनिवार साँझ एक ग्यादरिङमा भेट भयो । जहाँ वर्षौंपछि उनीहरूले पुराना याद पुनः ताजा गरे ।

करिश्मा अघिल्लो पुस्ताकी अभिनेत्री भए पनि रेखा र विपनालाई भने एकै कालखण्डका प्रतिस्पर्धी अभिनेत्री मानिन्छ । एकसमय यी दुईबीच कडा व्यावसायिक प्रतिस्पर्धा हुने गरेको फिल्मी पण्डितहरु बताउँछन् । 'मितिनी', 'वरमाला' लगायतका फिल्ममा रेखा र विपनाले सँगै काम पनि गरेका छन् । आफ्नो आधिकारिक फेसबुकमा रेखाले 'विथ माई टू सुपरस्टार' भन्दै करिश्मा र विपनासँगको फोटो शेयर गरेकी छिन् ।

## राजेश हमालले साइन गरे फिल्म

चलचित्र 'शकुन्तला' मा भिन्न भूमिकामा देखिएका नायक राजेश हमाललाई यही चलचित्रका निर्देशक दिनेश श्रेष्ठले फेरि नयाँ शैलीमा प्रस्तुत गर्ने भएका छन् । आफ्नो जन्मदिनमा नायक हमालले नयाँ चलचित्रमा काम गर्ने संभौता गरेका छन् । नायक राजेश हमालको स्टारडम पछिल्लो वर्षमा सकिएको टिप्पणी हुने गर्दछ ।

हमालले भने केही समय ग्याप लिएर नयाँ चलचित्रमा काम गर्ने तयारी गरेका छन् । हमालले आफैले नयाँ चलचित्र निर्देशन गर्ने खबर समेत सार्वजनिक भएको थियो । तर, उनी दिनेशको निर्देशन रहने नयाँ चलचित्रमा काम गर्न तयार भएका छन् । निर्देशक दिनेश श्रेष्ठ र निर्माता शिवराज कार्कीले नायक राजेश हमालको घरमै केक काट्दै उनलाई नयाँ चलचित्रमा अनुबन्धित गरेका हुन् । महंगो बजेटमा बन्ने चलचित्रमा ४ जना नायिका हुनेछन् । नायिकाको अहिले खोजी भैरहेको छ । चलचित्रमा नायक राजेश हमाललाई रोमान्टिक भूमिकामा देख्न सकिनेछ ।

## "सय कडा दश" को छायांकन सकियो

चलचित्र 'सय कडा दश'को छायांकन सकिएको छ । यो चलचित्रको मुख्य भूमिकामा हाँस्य कलाकार मनोज गजुरेल छन् । साथमा, अमृत ढुंगाना र करुणा श्रेष्ठलाई पनि चलचित्रमा देख्न सकिन्छ । चलचित्रको छायांकन काठमाण्डौ, पोखरा, सिन्धुली, पाँचथरमा गरिएको छ ।

मंसिरमा रिलिज गर्ने लक्ष्य राखिएको यो चलचित्रको त्यसअघि च्यारिटी हुनेछ । भ्रष्टाचारविरुद्ध सदाचार समाजको निर्माणका लागि एक पात्रले गरेको संघर्षको कथामा यो चलचित्र बनेको छ ।

## इटहरीमा सुविधा सम्पन्न हल

नेपाली चलचित्रको बजार नेपाल भित्रै बढ्न थालेपछि अहिले अत्याधुनिक हलहरु पनि संचालनमा आउन थालेका छन् । काठमाण्डौ बाहिर पनि मल्टिप्लेक्स हलहरु खुल्ने क्रम बढ्दो छ । केही पैसा बढी नै तिरेर दर्शकहरु सुविधासम्पन्न हलमा जान थालेपछि हल साहुजीहरुलाई पनि राम्रो हल बनाउन कर नै लागेको छ ।

नेपाली चलचित्र क्षेत्रका दुई चर्चित चलचित्रकर्मी निर्माता छविराज ओझा र वितरक तथा निर्माता प्रदिप कुमार उदयले पूर्वको इटहरीमा सुविधा सम्पन्न हल संचालनमा ल्याएका छन् ।

(एजेन्सीहरुबाट)

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Engender = विकास गर्नु । बढावा दिनु Training is a means by which self confidence can be engendered (तालीम नै यस्तो माध्यम हो जसबाट आत्मविश्वासको विकास गर्न सकिन्छ)

Flout = अवज्ञा गर्नु For flouting the curfew they were taken into custody (कर्फ्यू अवज्ञा गरेकोमा तिनीहरूलाई गिरफ्तार गरिएको थियो)

Gusto = चाख । मजा मानेर He accepted the assignment with a such a gusto that he would not bargain for higher salary (उसले मजा मानेर काम स्वीकार गरेको देख्दा धेरै तलब माग्ला जस्तो छैन )

Hybrid = मिश्रित । खच्चर A mule is a hybrid of female donkey and mail horse (खच्चर पोथी गधा र भाले घोडाको मिश्रणबाट विकास गरिएको जनावर हो)

Implacable = चित्त बुझाउन, साम्य पार्न नसकिने His fury against his neighbour is implacable (उसको छिमेकीप्रतिको रिस साम्य पार्न नसकिने खालको छ )

Juncture = समस्याग्रस्त वा जटिल परिस्थिति At such a critical juncture every one has to be self controlled (यस्तो चिन्तापूर्ण परिस्थितिमा सबैले संयम धारणा गर्नुपर्दछ)

Knit = खुम्चनु वा गाँठो पर्नु, जोडिनु Whenever he worries his brow knits in a frown (जब जब ऊ चिन्ता गर्दछ उसका आँखीभौंहरू खुम्चन्छन्)

Luster = चहक, चमक Brave deeds add luster to one's name (बहादुरीले आफ्नै नाम चम्काउँछ)

Misanthrope = मानव जातिलाई घृणा गर्ने Everyone considers him to be a misanthrope (सबैले उसलाई मानिसलाई घृणा गर्ने व्यक्तिको रुपमा चिन्छन्)

Nuptial = वैवाहिक People still like to have nuptial ceremony in a tradtioinal way (अझै पनि मानिस वैवाहिक समारोह परम्परागत ढाँचामै गर्न रुचाउँछन)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

लुगा सिउने कलका आविष्कारक को हुन् ?

- थियोनियर फ्रेन्च

मुटुको चाल रेकर्ड गर्ने काममा डाक्टरहरूले प्रयोग गर्ने उपकरणलाई के भनिन्छ ?

- इलेक्ट्रो कार्डियोग्राफ

सोडियम क्लोराइडको अर्को प्रचलित नाम के हो ?

- नुन

पहाडको टाकुरामा पानी किन चाँडै उम्लन्छ ?

- वायुको चाप कम भएकाले

विश्वमा सबैभन्दा धेरै मात्रामा पाउने धातु कुन हो ?

- आलमुनियम

प्रथम नेपाली महिला चित्रकार को हुन् ?

- उर्मिला उपाध्याय

प्रहरी फोर्समा भर्ना हुने प्रथम नेपाली को हुन् ?

- सुश्री सरस्वती उपाध्याय

प्यारासुटबाट हामफाल्ने नेपालकी प्रथम महिला को हुन् ?

- सुन्दरी श्रेष्ठ

विश्व वातावरण दिवस कहिले मनाइन्छ ?

- ५ जुन

शाही नेपाल चलचित्र संस्थानको प्रथम रंगीन चलचित्र कुन हो ?

- कुमारी

कुन मल्ल राजाका ३१ व्टा रानीहरू थिए ?

- योगेन्द्र मल्ल

स्काउट दिवस कहिले मनाइन्छ ?

- असार ४ गते

चार वीर एकै चोटि सहिद भएको साल कुन हो ?

- वि.सं. १९९७

लोकसेवा आयोगका प्रथम अध्यक्ष को हुन् ?

- अनिरुद्धप्रसाद सिंह

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go ahead = अगाडि बढ्नु Despite barriers created by police, demonstration sent ahead प्रहरीको धुनछेकको बाबजुद पनि जुलुस अगाडि बढ्यो ?

Go ahead with = लिएर अगाडि बढ्नु Government decided to go ahead with the new financial policy inspite of opposition विरोध हुँदाहुँदै पनि सरकारले नयाँ वित्तीय नीति लिएर अगाडि बढ्ने निर्णय गऱ्यो ।

Go along = नछोडी जाँदा If you go along this street you will find a temple in about a kilometer यदि तिमी यो बाटो नछोडी जान्छौ भने अन्दाजी एक किलोमिटरमा एउटा मन्दिर भेट्नेछौ ।

Go along with = सहमति हुनु I can not go along with your proposal as it seems impractical अव्यावहारिक भएको कारण म तिम्रो प्रस्तावसँग सहमत हुन सक्दिन ।

Go at somebody = जाइलाग्नु Whenever these tow meet, they go at each other भेट्न पाएको छैन, तिनीहरु एकअर्कामाथि जाइलाग्छन् ।

Go at something = मरिहत्ते गर्नु They went at the job as if their lives depended thereon कामको लागि तिनीहरुले यति मरिहत्ते गरेकी मानौं त्यो नपाएमा तिनीहरु बाँच्नै सक्नैनन् ।

Go away = घर छोडी हिँड्नु For few days we are going away केही दिनको लागि हामी घर छोडी हिँड्दैछौं ।

Go back to = फर्कनु After summer holiday, we will go back to job ग्रिष्म बिदापछि हामी काममा फर्कनेछौं ।

Go back to something = फिर्ता लिनु As all the shareholders opposed his new tax policy Finance Minister went back to former instance शेयर होल्डर हरुले नयाँ करनीतिको विरोध गरेपछि अर्थमन्त्रीले त्यसलाई फिर्ता लिए ।

Go before = अगाडि जानु Go before ten o'clock otherwise you will not meet him दश बज्नुअगाडि नै जाउ अन्यथा उसलाई भेटने छैनौ तिमीले ।

## सुडोकु-अंक १०६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | | | | | | २ |
| ७ | | | | ५ | | ९ | | |
| | ९ | | | | ८ | १ | | |
| | | | | | ३ | ५ | | ८ |
| | ८ | | १ | | ५ | | ७ | |
| ४ | | ९ | २ | | | | | |
| | | ५ | ३ | | | | ८ | |
| | | २ | | ७ | | | | ६ |
| ३ | | | | | | ७ | | |

## अंक १०५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ६ | २ | ४ | ८ | ७ | ३ | ९ |
| ८ | ३ | ७ | ५ | ६ | ९ | २ | ४ | १ |
| ९ | ४ | २ | ३ | ७ | १ | ८ | ६ | ५ |
| ७ | २ | ५ | ४ | ९ | ६ | १ | ८ | ३ |
| ६ | ८ | ३ | ७ | १ | २ | ९ | ५ | ४ |
| ४ | १ | ९ | ८ | ३ | ५ | ६ | ७ | २ |
| ५ | ७ | ८ | ९ | २ | ४ | ३ | १ | ६ |
| ३ | ९ | १ | ६ | ५ | ७ | ४ | २ | ८ |
| २ | ६ | ४ | १ | ८ | ३ | ५ | ९ | ७ |

# बाल विकास समाजका विविध कार्यक्रम




















## बालबालिकाको लागि दिवा खाजा

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाकोबाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक अविभावकहरूलाई बालबालिका बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुर्‍याउने अवधारणा अनुसार यस समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने उद्देश्यले संचालन गर्दै आइरहेको छ। साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले दिनमा २ पटक दिवा खाजाको व्यवस्था गरेको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई“बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ” भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ। हाल यस अभियानमा बाल विकास समाजका कार्यसमितिका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसैगरी संस्थाकी आजीवन सदस्य इनु अर्यालले बालबालिकाहरुलाई खान भनी दिवा दिवा शिशु स्याहार केन्द्र कार्यक्रमको लागि सहयोग गर्नु भएको छ। उहाँले संस्थालाई रु ११००० हजार रकम संस्थालाई उपलब्ध गराउनु भएको थियो । उहाँले आगामी दिनमा यस सहयोगलाई निरन्तरता दिन पहल गर्ने कुरा पनि बताउनु भएको थियो ।

## सडक नाटक

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित बालक्लव सहयोग कार्यक्रम अन्तर्गत बालश्रम विरुद्धको विश्व दिवसको दिन बाल विकास बाल क्लवले बालक्लव अन्त्यको सम्बन्धमा सडक नाटक प्रस्तुत गरेका थिए । जुन १२ मा चावहिलको स्तुपामा प्रदर्शन गरिएको नाटकले विशेषगरी घरेलु बालश्रमको बारेमा सबैलाई सचेत हुने सन्देश प्रवाह भएका थियो । नटकमा बालक्लवका पदाधिकारीहरु नीशा थिङ, अवार्ड ढकाल, धिराज लामा, सविना गदाल, सम्भना तामाङ, सविना गदाल, विजय मगर, सुजता गदालले अभिनय गरेका थिए भने त्यस कार्यको सहजिकरणमा समाजसेवी शुसिल आचार्यले गर्नु भएको थियो । नाटकमा घरेलु बालश्रमको पीडा र व्यथालाई उजागर गर्दै उनीहरुलाई श्रम लगायत अन्य विभिन्न किसिमका शोषणबाट मुक्ती दिलाउन सबैले ठोस भूमिका खेल्नुपर्ने कुरा देख्न सकिन्थ्यो । थुप्रै दर्शकहरुले नाटकको अवलोकन गरेका थिए । नाटक समय सान्दर्भिक रहेको प्रतिक्रिया दर्शकले दिएका थिए ।

## प्रभातफेरीमा सहभागी

श्रम तथा रोजगार, सामाजिक सुरक्षा मन्त्रालयद्धारा आयोजित प्रभातफेरी कार्यक्रममा बाल विकास समाजको पनि सहभागिता रहेको छ । जुन १२ मा श्रम विभागको समन्वाय तथा मन्त्रालयको आयोजनामा बसन्तपुरस्थित प्रभातफेरी कार्यक्रम भएको हो । सोही कार्यक्रममा सिल्पी थिएटरले बालश्रमको अन्त्य भन्ने एक सडक नाटक पनि प्रस्तुत गरेका थिए । कार्यक्रममा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको बाक्लो सहभागिता रहको थियो । सोही कार्यक्रम श्रम तथा रोजगार, सामाजिक सुरक्षा मन्त्रीको प्रमुख अतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै श्रम मन्त्रीले पहिलाको तुलनामा बालश्रमको अवस्था घटेको छ भन्नु भयो । बालश्रमको अन्त्यका लागि बालश्रम निवारण गुरु योजना छिटै मन्त्रालयले तयार गरी संघीय संसदमा पेश गर्ने तयारीमा रहेको जानकारी समेत उहाँले दिनु भएको थियो । बालश्रमको अन्त्य गर्न संघीय सरकारले ठोस काम गर्ने र बालश्रमको प्रयोग गरेर कानुनको खिल्ली उडाउनेलाई सरकारले कारवाहीको दायरामा ल्याउने कुरा पनि उहाँले कार्यक्रममा भन्नु भयो। बालबालिका भनेका भोलिका देश निमार्णका लागि प्रवल जनशक्ती भएको अथवा देशका कर्णधार भएका हुनाले उनीहरुलाई श्रममा लगाएर उनीहरुको जिवन वर्वाद नगर्न सबैलाई अनुरोध समेत गर्नु भएको थियो ।

## किशोरकिशोरीहरूलाई तालिम

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि सञ्चालन भइ रहेको जिवन उपयोगी सीप तालिमको छैटौ हप्ता सम्पन्न भएको छ। उक्त तालिममा सृजनात्मक सोचाइका बारेमा छलफल भएको हो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले सृजनात्मक सोचाइका बारेमा सिक्न पाउदा खुशी लागेको कुरा बताएका थिए। तालिममा जीवन उपयोगी सीपका १० वटा विषयका बारेमा हरेक हप्ताको शनीबार छलफल गरिन्छ। यसबाट सहभागीहरुलाई जीवन उपयोगी सीपका बारेमा थाहा पाउनुका साथै आफ्नो दैनिक जीवनमा सिकेका कुरालाई कसरी लागू गर्दै लाने भन्ने सम्बन्धमा पनि उपायहरु सिकाउनु उनीहरुका लागि महत्वपूर्ण हुन्छ । यसैले सहभागीहरुलाई हरेक विषयमा ३ देखि ४ घन्टा छलफल गराइन्छ। विद्यालयको समन्वयमा सन्चालित यो तालिमले किशोरकिशोरीहरुलाई सकरात्मक परिवर्तनको मार्ग देखाएको छ।

**गाविन्द वि क**

## बिजुली...

बिजुली चुहावट हुने गरेको छ। प्राधिकरणको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४।०७५ मा १० अर्ब रुपैयाँको बिजुली चोरी भएको छ। मासिक झन्डै एक अर्बको बिजुली चोर्ने चोरहरु मुलुकभर सक्रिय रहेका छन्। बिजुली चोरीका कारण नेपाल विद्युत प्राधिकरण नोक्सानमा गइरहेको छ भने मुलुकको अर्बौंको राजस्व क्षति हुने गरेको छ। यसैबीच सबै क्षेत्रका अनियमितता रोक्न सक्रियता देखाउँदै आएका गृहमन्त्री रामबहादुर थापाले बिजुली चोरी नियन्त्रणमा समेत हात बढाउने भएका छन्। नेपाल विद्युत प्राधिकरणले बिजुली चोरी नियन्त्रण गर्न चालेको अभियानलाई गृहले साथ दिने भएको छ। गृहमन्त्री थापा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुन, गृहसचिव प्रेमकुमार राई, विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, नेपाल प्रहरीका महानिरीक्षक सर्वेन्द्र खनालबीच विद्युत चुहावट नियन्त्रण, प्रसारण निर्माण र निर्माणाधीन आयोजनाबारे छलफल भएको छ।

अब विद्युत् चोरी नियन्त्रणको लागि प्रत्येक जिल्ला प्रशासन कार्यालय र विद्युत प्राधिकरणका कार्यालयबीच समन्वयात्मक ढंगले काम हुनेछ। विद्युत चोरीका घटना फेला परेमा कडा कारबाही गरिनेछ।

## विवादमा ...

तर अहिले नेपाल टेलिभिजनमा कार्यरत पत्रकार राजु थापामाथि सञ्चारमन्त्रीले प्रदर्शन गरेको रवैयाले प्रेस जगतलाई सशंकित र दुःखी बनाएको छ।

विगत १२ वर्षदेखि सरकारी स्वामित्वको नेपाल टेलिभिजनबाट नियमित प्रसारण हुँदै आएको सिधा प्रश्न नामको कार्यक्रम मन्त्री बाँस्कोटाको आदेशले बन्द भएको छ। उक्त कार्यक्रमका प्रस्तोता थापाले मन्त्री बाँस्कोटालाई सम्पत्ति विवरणसम्बन्धी प्रश्न गर्दा थापा र मन्त्रीबीच तनाव उत्पन्न भएको थियो। पत्रकार थापाले मन्त्री बाँस्कोटालाई सम्पत्ति विवरणमा श्रीमतीको दाइजोबाट प्राप्त सुन, चाँदीको विषय प्रश्न गर्दै खोतलेकोमा मन्त्रीले सम्पत्ति विवरणमा उल्लेख नगरेको भने तापनि थापाले कार्यक्रममै कागजात प्रस्तुत गरिदिएपछि मन्त्रीले असहज महसुस गरेका थिए। सामाजिक सञ्जालमा मन्त्री बाँस्कोटा र पत्रकार थापाबीचको संवाद चर्चित बनेको थियो।

उक्त कार्यक्रम प्रसारण भएको दुई हप्तापछि टेलिभिजन व्यवस्थापनले थापालाई थप कार्यक्रम उत्पादन नगर्न भनेको छ। १२ वर्ष अघिदेखि नेपाल टेलिभिजनको करारमा कार्यरत राजु थापाले कार्यक्रम रोक्न मन्त्रीको हात रहेको बताएका छन्।

यसैबीच पूर्व सञ्चारमन्त्री डा. मिनेन्द्र रिजालले यसबारेमा संसदमा प्रश्न उठाउँदै आपत्ति प्रकट गरेका छन्। नेपाल पत्रकार महासंघका महासचिव रमेश बिष्टले एक प्रेस विज्ञप्ति प्रकाशित गरी प्रश्न सोधेकै आधारमा कार्यक्रम बन्द गराउनु प्रेस स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेप भनेका छन्।

## ओलीको पानीजहाज...

यसको कुनै पनि तयारी भएको देखिँदैन। यसका लागि अध्ययन गर्ने कुनै सरकारी निकाय छैन। गंगा नदीमा जस्तो नेपालबाट बगेर जाने नदीमा जलमार्ग बनाउन सजिलो नहुने जल विशेषज्ञहरु बताउँछन्। भारतले साहिवगन्ज, पटना नजिक कैशलघाट र वाराणसीमा बन्दरगाह समेत बनाउँदैछ। जुन नेपालको व्यापार लक्षित हुन्। भारतले गंगा नदीसम्म जोडिएका तीन ठूला नदीहरु कोसी, कर्णाली र गण्डकीमा जलमार्ग बनाउने योजना यसअघि नै बनाइसकेको छ। भारतले नदी जोड योजना अन्तर्गत कोसीको पानी चतराबाट नहर लगेर गोरखपुर नजिक घाघरा (कर्णाली) पुऱ्याउन खोजिरहेको छ। कोसीको पानी मेचीमा मिसाएर पश्चिम बंगालमा सिंचाइ गर्ने पनि भारतीय योजना छ।

चिसापानीमा बाँध बाँधी बरेली-बदायु हुँदै इतेवहानजी नजिक यमुनामा कर्णालीको पानी खसाउने पनि भारतीय लक्ष्य छ। देवघाटमा बाँध बाँधेर गण्डकको पानी पश्चिम राप्ती कर्णाली घाघरा हुँदै इलाहावादमाथि गंगामा खसाल्ने नदी जोड योजनाभित्र समेटिएको छ। महाकालीको पानी नदी जोड योजनाअन्तर्गत दिल्ली (यमुना) हुँदै राजस्थानको सावरमती पुऱ्याउन खोजिरहेको छ भारत। सन् २०५० सम्ममा भारतको जनसंख्या १ अर्ब ६५ करोड पुग्दैछ। यो जनसंख्यालाई बचाउन ४५ करोड मेट्रिक टन खाद्यान्न उत्पादनका लागि १८ करोड हेक्टर जमिनमा सिंचाइ पुऱ्याउन नेपालका ठूला नदीहरु कोसी, कर्णाली, गण्डकी र महाकालीलाई भारतले नदी योजना अन्तर्गत समावेश गरेको छ। यसकै लागि भारतले 'मधेस कार्ड' प्रयोग गरेको स्मरणीय छ। मधेस आन्दोलनभित्र भारतले संघीयता प्रवेश गराएको र मेचीदेखि महाकालीसम्मको समथर भूभागलाई स्वायत्तता सहितको मधेस एक प्रदेशको अवधारणा ल्याएको हो भन्नेमा विमति छैन।

सन् १९९६ मा नेपाल र भारतबीच भएको महाकाली सन्धिअनुसार पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको कल्पना गरिएको हो। यो परियोजनाअन्तर्गत विद्युत उत्पादन, सिंचाइ लगायत पानीको बहुआयामिक उपयोग गर्ने तयारी छ। सो परियोजनामा भारत र नेपाल दुवै सहमत भएको विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण गरिने महाकाली सन्धिमा उल्लेख छ। महाकाली सन्धिअनुसार महाकाली नदीको पानी त्यसबाट हुने लाभ कुनै पनि पूर्व शर्त नराखी बराबर बाँडफाँड हुने उल्लेख छ। तर अहिले आएर पानीको बाँडफाँडका विषयमा नेपाल र भारतबीच कुरा नमिल्दा पञ्चेश्वर परियोजनाको विस्तृत परियोजना प्रतिवेदन टुंगिन सकेको छैन। परियोजना बनाउँदा भारतमा रहेको तल्लो ब्यारेजमा पाानीको तह घट्न नहुने प्रस्ताव भारतले राखेको छ।

तर नेपालको तल्लो शारदा परियोजनालाई महाकाली सन्धिले चिन्दैन, त्यसैले यदि तल्लो शारदा परियोजनामा बहाव नघट्ने व्यवस्था गर्ने हो भने त्यसबापत क्षतिपूर्ति स्वरुप विद्युत् दिनुपर्ने प्रस्ताव गरेको छ। यो प्रस्ताव भारतले स्वीकारेको छैन। प्रधानमन्त्री ओलीको भारत भ्रमणका क्रममा यस विषयलाई एजेन्डाका रुपमा नेपालले राखे पनि कुनै निर्णय भएन। बरु भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आएर अरुण तेस्रो जलविद्युत परियोजना हात पारे। नेपाल र भारत दुवै देशका प्रधानमन्त्रीले संयुक्त शिलान्यास गरेको यो परियोजनाबाट ९ सय मेगावाट विद्युत उत्पादन हुनेछ। यसको लागत १ खर्ब १६ अर्ब रुपैयाँ रहेको छ। उत्पादित बिजुलीको २१ द्यशकलब ९ प्रतिशत नेपालले सित्तैमा पाउनेछ। २५ वर्षपछि नेपाललाई परियोजना हस्तान्तरण गरिनेछ।

२०४८ सालमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणका क्रममा कोसी उच्च बाँधको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्झौता भएको थियो। महाकाली नदीको पूर्वी तटबन्धमा नेपालको मिचिएको जमिन भारतलाई दिने र कोसीको विस्तृत प्रतिवेदन तयार गर्ने त्यसबेलाको सम्झौताविरुद्ध एमालेले सदन सडक दुवै तताएको थियो। कोइरालाले राष्ट्र बेचेको एमालेले आरोप लगाएको थियो। संघीय संसदमा कुनै महत्वपूर्ण विषयमा हस्ताक्षर नहुने भन्दै दिल्ली गएका राष्ट्रवादी ओलीलाई भारतले थाङ्नामा सुताउँदै जलमार्गमा समुद्रसम्मको पहुँच दियो। ओली अहिले पानीजहाज र रेल कुदाउने भारतीय प्रेस्क्रिप्सन बोकेर कोसी उच्च बाँधलाई छलिरहेका छन्। ओलीले लुसुक्क नेपाल इन्डिया स्टेटमेन्ट वन न्यु कनेक्टीभिटी थ्रु इन ल्यान्ड वाटरवेज' मा हस्ताक्षर गरेर आम नेपाली जनताको हित र चाहनालाई तिलाञ्जली दिएका छन्।

महाकाली र कोसीमा भएका सम्झौताको जनविरोधपछि नेपालले कोसी उच्च बाँध विस्तृत अध्ययनका साथ समुद्रसम्मको पहुँच र सुनकोसी र दूध कोसीको मिलनबिन्दु खोटाङको कुरुलेबाट पहाड खनेर सुरुङबाट कमलामा पानी झार्ने योजना समेत पछि समावेश गरायो। सुनकोसी डाइभर्सनअन्तर्गत पर्सादेखि सप्तरीसम्म ३ लाख हेक्टरमा सिंचाइ पुऱ्याउने योजना पनि थपिए। कोसी उच्च बाँधमा सुनकोसी र न्यागीभेसनका नाममा कोसी भारतको नियन्त्रणमा पुगिसकेको छ। नेपालले सुनकोसी कमलाको योजना पन्छाएर सुनकोसी वाग्मती योजना अघि सारेको छ। जापान सरकारको कोसी बेसिन मास्टर प्लान अन्तर्गत सन् १९८५ मा सुनकोसी कमला डाइभर्सन र अरुण ३ परियोजना गोल्डेन प्रोजेक्ट हुन्।

खोटाङको कुरेलबाट १६ किमी लामो सुरुङ खनेर कमलामा झार्ने सुनकोसी कमला सिंचाइ प्रोजेक्ट कार्यान्वयनमा भएको भए सिराहा र धनुषाका १ लाख ७५ हजार हेक्टरमा सिंचाइ हुन्थ्यो। तर उपप्रधानमन्त्री रहेका माधव नेपालले विश्व बैंकलाई पत्राचार गरेर अरुण ३ रोके। सन् २००८ देखि भारतीय कम्पनी जेएमआर सतलजको अरुण ३ कब्जा गऱ्यो। बल्ल शिलान्यास भएको छ। समुद्रसम्मको जहाजी पहुँचको औचित्यहीन वकालत गर्दै ओलीले कोसी उच्च बाँधको बाटो खोल्न अक्षम्य राष्ट्रघात गर्नु हो।

## राकेशले...

उठाइ ठेकेदार राकेश फरार भएपछि कर्मचारीहरुको सातोपुत्लो जान थालेको बुझिएको छ। ठेकेदार अग्रवाललाई खोजी गर्न सिडियो कार्यालयहरुमार्फत गृहमा पत्राचार भइसके पनि अग्रवाल भने ठेक्काको पैसा उठाएर उखु मिल्स सञ्चालन गरेर सर्लाहीमा रमाइरहेका छन्। अग्रवालको यस्तो कर्तुतविरुद्ध प्राधिकरणका कर्मचारीहरुले अग्रवालसँग मिलेमतो गरी सप्लाई अवरुद्ध पार्न सहयोग गर्ने कर्मचारीलाई पनि कारबाहीको माग गरेका छन्।

स्मरण रहोस् राकेश अग्रवालले नेपाल विद्युत प्राधिकरणका क्षेत्रीय कार्यालयहरु विराटनगर, हेटौंडा, पोखरा, बुटवल, काठमाडौं, नेपालगन्ज, अत्तरिया तथा काठमाडौंको वितरण तथा ग्राहक सेवा निर्देशनालय, मातातीर्थमा रहेको आयोजना व्यवस्थापन निर्देशनालयलगायतका कार्यालयहरुमा दश अर्बमाथिको ठेक्का लिई समयमा काम नगरी आयोजना लथालिंग पारेका हुन्। निज अग्रवाललाई प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको आशिर्वाद रहनुका साथै उपनिर्देशक विजय चौधरीले सम्पूर्ण इस्टिमेट रकम उपलब्ध गराई जालझेलमा ठेक्का मिलाउन सहयोग गरिरहेका छन्।

## ओलीले...

लगाएका बेला प्रधानमन्त्री ओली चीन भ्रमणमा गएर दशबुँदे समझदारी पत्रमा हस्ताक्षर गरेका थिए। त्यसमा व्यापार तथा पारवहन सम्झौतालाई ऐतिहासिक उपलब्धिका रुपमा लिइन्छ। चीनबाट नेपालले तेल र रेल ल्याउन प्रयत्न गर्नुपर्नेमा कूटनीतिक वृत्तको सुझाव छ। तर चीनले बनाइदिने भनेको केरुङ-काठमाडौं पोखरा लुम्बिनी रेलमार्ग समेत छोट्याउने ओली भ्रमणको एजेन्डामा समावेश गरिएको छ। केरुङबाट काठमाडौं करिब एक सय किमी रेलमार्ग मात्र बनाउन ओलीले चीनसमक्ष प्रस्ताव गर्दैछन्। काठमाडौं-पोखरा-लुम्बिनी अर्थात् आबुखैरेनीबाट एउटा लाइन पोखरा र अर्को लाइन लुम्बिनीका लागि प्रस्ताव गरिएको योजना अब छलफलमै नआउने भएको छ। जबकि काठमाडौं पोखरा लुम्बिनी रेलमार्गको यसअघि चिनियाँ कम्पनीले सम्भाव्यता अध्ययन गरिसकेको छ।

तातोपानीको मितेरी र रसुवागढी गरी दुईवटा पुल निर्माणको प्रस्ताव चीनसँग नेपालले राख्दैछ। तातोपानी पुल २०७२ को भूकम्पले भत्काएपछि सो स्थानमा अहिले अस्थायी बेलिब्रजि मात्रै राखिएको छ। नेपालले पटक पटक तातोपानी पुल बनाइदिन चीनसँग आग्रह गरे पनि चीनले सुनेको छैन। चीनले केरुङलाई द्विदेशीय व्यापारको नाकामा जोड दिँदै आएको छ। प्रधानमन्त्री ओली चीन स्वशासित क्षेत्र तिब्बत पनि जाँदैछन्। भ्रमणका क्रममा तिब्बतीयन हाइवेमा ढुवानी सुविधाको सम्झौता हुँदैछ। यो सम्झौताले तिब्बतियन हाइवे प्रयोग गरेर नेपालले निर्माण गरिरहेको हिल्सा, कोरोला सहितको सडक नाकासम्म जोड्ने गरी भएको काममा ढुवानी सहजता हुनेछ। नाकासम्म जोड्ने कालीगण्डकी करिडोर अन्तर्गत कोरला नाकासम्म जोड्ने सहमति भ्रमणका क्रममा हुँदैछ। कर्णाली करिडोर अन्तर्गतको हिल्सा नाकासम्म जोड्ने योजना पनि भ्रमणको एजेन्डामा छ। उत्तर दक्षिण सडक आयोजना अन्तर्गत कोसी, कालीगण्डकी र कर्णाली करिडोर नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनामा राखेर काम अगाडि बढाइरहेको छ।

अघिल्लो चीन भ्रमणका बेला प्रधानमन्त्री ओलीले चीनसँग गरेका सम्झौता सहमतिको कार्यान्वयनमा चीनले विशेष चासो राख्ने सहजै अनुमान गर्न सकिन्छ। नेपालले चीनको महत्वकांक्षी परियोजना बेल्ट एन्ड रोडमा हस्ताक्षर गरेको छ। तर काम भने केही गरेको छैन। भारत चीनको यो परियोजनासँग सहमत छैन। भारत रिसाउने डरले नेपालले सही गरे पनि कार्यान्वयनमा उदासिन रहँदै आएको छ। ओलीका काम कारबाहीहरु भरतलाई खुसी पार्नेतिरै लक्षित देखिन्छ। तेलमा भारतीय निर्भरता तोडिनेवाला छैन। चीनले तेल भण्डारण गृह बनाइदिने भन्दा पनि नेपाल चुपचाप छ। ओली भ्रमणले नेपाली जनतामा खासै उत्साह जगाएको छैन।

## सम्पदामाथि...

पम्प रहेको छ। अनि सरकारले सातदोबाटो लगनखेल सडक विस्तार गर्ने क्रममा पम्पलाई जोगाउने र मन्दिर मिच्ने उध्देश्यले डोजर आतंक शुरु गरेको छ।

प्रहरी परिचालन गरी मन्दिर घेरिएको पर्खाल डोजर लगाइ भत्काउने क्रममा स्थानीयवासी सम्पदा प्रेमी जनताले अवरोध पुराएपछि जनता र प्रहरी वीच झडप समेत भएको कारण डोजर लगाइ भत्काउने कार्य तत्काललाई सरकारले रोकेको छ। यद्यपि जनता मस्त निन्द्रामा परेको वेला मध्यरात आएर सरकारले मन्दिर मास्न कति वेर नभएको स्थानीय जनता बताउछन्। पुरातात्विक महत्व भएको बटुक भैरवको यो मन्दिर जोगाउनु पर्दछ भनेर त्यहाका स्थानीय जनताहरुले गत चारवर्ष देखिनै अभियान संचालन गरी सरकारलाई दवाव दिंदै आएका थिए।

बटुक भैरव प्राचीन मन्दिर भएको र यसमा आस्था राख्नेहरु नेपालका विभिन्न जिल्लाबाट दशनार्थ यहा आउने गरेको स्थानीय वासी बताउछन्। आन्दोलित स्थानीय जनसमूहले ललितपुरका मेयरलाई समेत भेटी ज्ञापनपत्र वुझाएको तर मेयरले सो कार्य केन्द्रिय योजना भएको कारण आफुहरुलाई थाहा नभएको तर सम्पदा भने कुनै हालतमा मास्न नदिने आश्वाशन भने दिएको बताएका छन्।

## देश झनै...

सबभन्दा बढी व्यापारघाटा भारतसँग छ। भारतबाट दश महिनामा ६ खर्ब ३९ अर्ब ३४ करोड ६२ लाख ८२ हजार रुपैयाँका सामग्री आयात भएका छन्। निर्यात भने ३८ अर्ब १४ करोड ९१ लाख ७ हजार रुपैयाँ मात्र भएको छ। भारतसँगको व्यापारघाटा ६ खर्ब ११ अर्ब १९ करोड ७१ लाख ७५ हजार रुपैयाँ पुगेको छ। दोस्रो बढी घाटा हुने मुलुक चीन हो। चीनबाट १ खर्ब २७ अर्ब ५८ करोड ६५ लाख ६३ हजार रुपैयाँको आयात भएको छ भने चीनतर्फको निर्यात २ अर्ब ६६ करोड ९४ लाख ७४ हजार रुपैयाँ मात्रै भएको छ। चीनतर्फको व्यापारघाटा १ खर्ब २४ अर्ब ९१ करोड ७० लाख ८९ हजार रुपैयाँ भएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ।

चीनपछि व्यापारघाटा बढी हुने मुलुकहरुमा इन्डोनेसिया, भियतनाम, थाइल्यान्ड, अर्जेन्टिना लगायतका मुलुकहरु छन्। व्यापारघाटा हुने मुलुकहरुमा प्रायः भारत र चीन पहिलो र दोस्रो देखिए पनि तेस्रो र चौथो हुने मुलुकहरु भने फरक फरक हुने गरेको छ। दस महिनामा नेपालले एक सय ५२ मुलुकहरुसँग नेपालले विभिन्न सामग्री आयात निर्यातको कारोबार गरेको छ। यसमध्ये १ सय २८ मुलुकमा निर्यातभन्दा आयात बढी भई व्यापारघाटा भएको छ। स्वदेशी उत्पादन वृद्धि तथा प्रबर्द्धनात्मक कार्यक्रम हुन नसक्नु, उत्पादन भएका सामग्रीहरु निर्यात हुन नसक्नु र आयातीत सामग्रीहरुमा परनिर्भरता बढिरहेकाले बर्सेनि व्यापारघाटा चुलिँदै गएको छ।

साउनदेखि वैशाखसम्ममा सबैभन्दा बढी १ खर्ब ५४ अर्ब ९ करोड रुपैयाँको इन्धन आयात भएको छ। दोस्रो बढी आयात हुने सामग्री मेसिनरी उपकरणका पाजपुर्जाहरु हुन्। जसमा १ खर्ब ५ अर्ब १८ करोड रुपैयाँ बराबर खर्च भएको छ। करिब १ खर्ब बराबरका फलाम तथा स्टिल सामग्रीहरु आयात भएका छन्। ६८ अर्ब ९० करोड रुपैयाँ बराबरका सवारी साधन आयात भएका छन्। त्यस्तै विद्युतीय सामग्री ६३ अर्ब ८ करोड रुपैयाँका आयात भएको छ। निर्यात प्रबर्द्धन तथा आयात प्रतिस्थापनका लागि सरकारले गरेका कार्यक्रम विफल हुँदै गएको यो तथ्यांकले बताउँछ। नेपाल अत्यावश्यक वस्तु लगायत खाद्यान्नमा समेत परनिर्भर बन्दै गएको छ। पहाडी मुलुक नेपालले कोदो समेत आयात गरिरहेको छ। चामल त आयात भइरहेको छ कनिका समेत आयात गरेर देशले दरिद्रता प्रदर्शन गरिरहेको छ। व्यापारघाटा कम गर्ने विषयमा भारतसँग कुरा मात्र हुन्छ, उपाय भने कहिल्यै निस्कँदैन।

## बढ्दो...

छन्। विगतमा भ्याट छुटको नीतिगत निर्णय गरेर सरकारको उपल्लो तहका कर्मचारीले व्यापारीलाई दिएको नाजायज सुविधा कटौती भएपछि यसैलाई निहुँ बनाएर दैनिक उपभोग्य वस्तु लगायत निर्माण सामग्रीमा समेत मूल्य बढाएर व्यापारीले उपभोक्ताको ढाड सेकिरहेका छन्। बजार बजेट प्रभावका नाममा पहिले नै उद्योग समेत नाफा कमाउने होडबाजीमा लागेका छन्। बजेट प्रस्तुत भएको दुई साता पुग्दा उपभोगका वस्तुको भाउ दिनानुदिन अकासिएको छ।

खासमा यस वर्षको बजेटले बजारमा दैनिक उपभोगका सामान जस्तो चामल, दाल, तेल, घिउ, चिनीको मूल्य बढ्ने गरी कुनै नयाँ कर दर प्रस्तावित गरिएको छैन। उद्योग व्यवसायका हकमा पहिले फिर्ता हुने गरेको भ्याट बापतको रकम अब फिर्ता नगरिने भनेको मात्र छ। तर व्यापारी भने बजारमा कृत्रिम तरिकाले सामानको मूल्यवृद्धि गरिरहेका छन्। वैकल्पिक आपूर्ति व्यवस्थालाई मजबुत गरेर महँगी नियन्त्रण गर्न सरकारले कुनै तदारुकता देखाएको छैन। नेसनल ट्रेडिङ लिमिटेड समेत निकम्मा भएपछि आपूर्तिको वैकल्पिक व्यवस्थापनको सम्भावना देखिँदैन। बजारमा वस्तुको आयात तथा उत्पादन तहदेखि खुद्रा व्यापारसम्म पुग्ने बजारको मूल्य स्थितिबारे सरकारले चासो राख्ने, अनुगमन गर्ने र आवश्यक पर्दा अनुचित ढंगले फाइदा लिने व्यापारीलाई कानुन अनुसार दण्डित गर्न समेत सरकार असफल देखिँदैछ। भ्याट बिललाई मात्र कडाइका साथ अनुगमन गर्ने र आयातका बेला भन्सारबाटै वस्तुको अधिकतम खुद्रा मूल्य तोक्ने विधि सरकारले ल्याउने हो भने बजारमा हस्तक्षेप असम्भव छैन। तर यस मामिलामा जिम्मेवारी पाएका खासगरी राजस्व अनुसन्धान विभाग, कर कार्यालय र अनुगमनकारी निकाय आफ्नो जिम्मेवारीप्रति उत्तरदायी ढंगले काम गरेका छैनन्। यही कारण सरकारले बजार अनुगमन गरेर महँगी नियन्त्रण गर्ने क्षमता गुमाइरहेको छ।

खाद्यवस्तुमा करको दर बढेको भन्दै व्यापारीले चामल, दाल, तेल र तरकारीको समेत भाउ बढाएपछि उपभोक्ताको भान्सा महँगिएको छ। दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भएपछि न्यून आम्दानी हुने, ज्यालादारी गरेर घर व्यवहार चलाउने र विद्यार्थीहरु बढी मर्कामा परेका छन्। उपभोग्य वस्तुको मूल्य किलोमा चारदेखि २० रुपैयाँसम्म व्यवसायीले बढाएका छन्। बजेट भाषणपछि दालमा १० देखि २० रुपैयाँ खाने तेल लिटरमा २० रुपैयाँ र २५ केजी बोराको चामलमा सय रुपैयाँ मूल्यवृद्धि गरिएको छ। खाद्यान्नसँगै तरकारीको मूल्य पनि बढेको छ। आलुको मूल्य ५२ प्रतिशतले वृद्धि गरिएको छ। ३५ रुपैयाँ केजीको सुकेको प्याजको मूल्य ४५ रुपैयाँ पुगेको छ। बन्दा, मूला, भन्टा, काउली, करेला, लौका, घिरौला सिमीको मूल्य प्रतिकेजी १५ रुपैयाँदेखि २५ रुपैयाँसम्म बढेको छ। खाद्यवस्तु, तरकारी मात्र नभएर दुग्ध पदार्थ तथा मासु अन्डा जस्ता खाद्य पदार्थको पनि मूल्यवृद्धि भएको छ। व्यापारीहरुको कार्टेलिङमाथि सरकारले धावा बोल्न नसक्दा यसरी अचाक्ली मूल्यवृद्धि भएको हो। सरकारले सबै प्रकारका कार्टेलिङ, सिन्डिकेट, मिलोमतो अन्त्य गरी स्वच्छ प्रतिस्पर्धामार्फत आधारभूत वस्तु सुलभ मूल्यमा उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि कार्यान्वयनमा आएको छैन। नियमनकारी निकायको फितलो बजार अनुगमनले वस्तु तथा सेवाका उपभोक्ता ठगिएका छन्।

खाद्यान्न, तरकारी, फलफूल, पेयपदार्थ, तेल, मासु, पानी, दूध, औषधि लगायत वस्तु तथा सेवामा धेरै मूल्य र गुणस्तरहीन सामान बेच्ने क्रम रोकिएको छैन। सरकारी निकायले दैनिक उपभोग्य वस्तुअन्तर्गत पानी, खाद्यान्न, औषधि, मिठाइ, मासु, दुग्ध पदार्थ, पेट्रोलियम पदार्थ, फलफूल तरकारी लगायतमा अनुगमन गर्दै आएको भए पनि परिणाम देखिएको छैन। उपभोक्ता संरक्षण ऐन २०५४, कालोबजार तथा सामाजिक अपराध ऐन २०३२, खाद्य ऐन २०२३ आवश्यक सेवा सञ्चालन ऐन २०१७ मा कानुनी दायरामा ल्याउन सक्ने प्रस्ट व्यवस्था भए पनि कारबाही भएको छैन। व्यापारीहरुले खाद्य तथा पेय पदार्थमा अखाद्य वस्तु मिसावट गरेर जनस्वास्थ्यमाथि खेलबाड गरिरहेका छन्। काठमाडौं उपत्यकाका २५ वटा डेरी उद्योगका ४२ ब्रान्डका दैधको नमुना खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको केन्द्रीय प्रयोगशालामा परीक्षण गर्दा ४० वटा स्वास्थ्यलाई हानि गर्ने रसायन भेटिएको छ। दूधमा न्युट्रलाइजरका रुपमा सोडियम बाइकार्बोनेट, सोडियम हाइड्रो अक्साइड (कास्टिक) र सोडियम कार्बोनेट रसायन मिसावट हुने गरेको देखिएको छ। दूधको अम्लीयपन घटाउन अल्काइन रसाइनका रुपमा यी तत्व प्रयोग गर्दै आएका छन्। काठमाडौं भित्रिने दूधमा चिनी, नुन पनि मिसावट गरिएको पाइएको छ। दूधमा कोलीफर्म लगायत हानिकारक जिवाणु समेत भेटिएको छ। दूधमा हुने ठोस पदार्थ (एसएनएफ) को मात्र बढाउन प्रयोग गरिने पाउडर दूध म्याद गुज्रिएको पाइएको छ। जारको पानीमा ९२ प्रतिशत कोलीफर्म परीक्षणमा भेटिएको छ। प्रत्येक उपभोक्ताको गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने संविधान प्रदत्त हक कुण्ठित भइरहेको छ। उपभोक्ता संरक्षण ऐनले मिसावट गरिएको कमसल उपभोग्य वस्तुबाट मानव स्वास्थ्यलाई खतरा पुग्ने देखिए १४ वर्षसम्म कैद र ५ लाख जरिवाना तोकेको छ। तर खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाागले दश हजार जरिवाना तिराए जनस्वास्थ्यसँग खेलबाड गर्ने व्यापारीलाई छोड्ने गरेको छ।

उपभोक्ताहरु महँगी, अर्कोतिर गुणस्तरहीन खाद्यवस्तुको मारमा छन्। कार्बाइड हालेर पकाएका आँप केरा मेवा जस्ता फलफूल बजारमा खुला बिक्री भइरहेका छन्। पाकेको खुर्सानीको धुलोमा रातो रंग, बेसारमा पिठो, धुलो मसलामा काठको धुलो मिसाएर व्यापारीहरुले उपभोक्ताको ज्यान जोखिममा पारिरहेका छन्। नौनी घिउमा पिँडालु, खारेको घिउमा डाल्डा, तोरीको तेलमा आलसको तेल मिसाएर नाफाखोर व्यापारीहरु मालामाल भइरहेका छन्। महँगी नियन्त्रण र खाद्य एवं पेय पदार्थमा मिसावटलाई रोक्न सरकारले बजार हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसक्नु विडम्बनापूर्ण छ।

## अबको...

सरकारले मुख्यमन्त्रीसँग प्रतिशोध लिने उद्देश्यले पहिलो चरणमा उनलाई अमेरिका जानबाट रोकी दण्ड दिईएको छापामा आएको कुरा निन्दनीय नै हो।

भारतसँग सम्बन्ध बनाउने प्रधानमन्त्री ओलीको प्रयासलाई राष्ट्रवादी शक्तिबाहेक सबैले मुक्तकण्ठबाट प्रशंसा गरेका छन्। राष्ट्रवादीले आफ्नै प्रधानमन्त्रीलाई "लम्पसारवादी" भनेर आलोचना गरेका छन्। भारतले कत्तिको साथ दिने ओलीले परिक्षणकालमा भारतलाई राखी मधेशलाई पेल्ने रणनीति लिएको हुनु पर्दछ। यस पेलाईमा मोदी मधेशलाई साथ दिएर फेरि उदाङ्गिन्छ कि सरकारलाई साथ दिने प्रयास गर्दछ, यही अग्निपरीक्षाको लागि मधेशसँग अलि कडा व्यवहार लिएको हुनु पर्दछ।

मधेशलाई साथ दिने भारतको यसपालीको अवस्था भने प्रतिकूल छ। मधेशको मूल मुद्दा संघीयता थियो र नेपाल संघीय संरचनामा गई सकेपछि मधेशले पनि यसलाई स्वीकार गरि चुनावमा भाग लिएकोले विरोधको कुनै अर्थ रहँदैन भन्ने कुरा भारतले पनि भन्न सक्छ। कालखण्डमा संशोधन भई रहने कुराको सुझाव दिएर मधेशको कित्तामा मोदी यसपाली नदेखिन सक्दछ। नेपालमा बाम शक्तिको सशक्त प्रादुर्भाव भएको र यो चीनको गहिरो प्रभावमा रहेकोले जसरी नेपालका प्रधानमन्त्री मोदीलाई जाँचमा पारेको छ त्यस्तै भारतको प्रधानमन्त्रीले भ्रमणको बेला ओलीले देखाएको सदास्यता कायम रहन्छ कि रहँदैन भन्ने आगामी दिनमा प्रतिफल देखिने कुराको प्रतीक्षा गरि रहेको छ।

दुई महाशक्ति देशको परराष्ट्र सम्बन्ध प्रधानमन्त्री ओलीले कसरी सन्तुलनमा ल्याउने यो देख्न सबै आतुर छन्। भारतसंग नेपालले सम्बन्ध बनाएपनि नेपाल आफ्नो गहिरो प्रभावमा रहि रहोस् भन्ने चीनको धारणालाई नेपाल सोही बमोजिम राख्न सक्छ कि सक्दैन। त्यस्तै नेपालमाथि भारतको प्रभाव शदियौंदेखि हो। यो पुनरावस्थामा आउँछ कि आउँदैन। यो भने परीक्षणको विषय हो। विगतकालमा चीनले नेपालमा गहिरो सम्बन्ध बनाउन सफल हुनेमा भारत चुकेको हो। चीन यथास्थानबाट पछि हट्ने त के कुरा अझ मधेशलाई आफ्नो प्रभावमा लिन चाहन्छन्। विकासको नाउँमा यो सम्भव पनि छ। अवसरविहीनताको अवस्थामा मधेशले अतिशय पीडा भोगेको छ। आन्दोलन पनि यही कारण भएको हो। मधेशको यही कमजोरीबाट चीन फायदा उठाउन चाहन्छ। देशले विकासको फड्को मार्न चाहेको छ। नेपाली जनताले स्थायी सरकारको जनादेश पनि दिएको छ। यो सरकारले चीनको मजबूत सहयोगी हात पाएको छ। भारतसँग सम्बन्ध सुध्रेको छ। नेपालको सुधार र विकासको यस्तो अनुकूल वातावरण पाउन कठीन छ। देशबाट भ्रष्टाचार उन्मूलन गर्दै विकासको माध्यमबाट समृद्धितिर लम्कने यो अवस्थालाई व्यक्तिगत प्रतिशोधमा लागेर अवसर गुमाउनु हुँदैन। दुश्मन मधेश होइन, देशको गरिबी हो। देशको भयावह परनिर्भरता हो। यसबाट लड्ने रणनीति हुनु पर्दछ। राजनीतिक अनुकूलताको यो घडीमा नेपाल सरकारले आत्मनिर्भर बनाउन सक्ने विकास योजना संचालन गरि देशलाई राहत प्रदान गर्नु पर्दछ। नेपाल कम्युनिष्ट पार्टी जुन कुशलताले यहाँसम्म पुगेको छ, यो अवसरको फाइदा उठाउनु पर्छ।

## २१ औं...

अफ्रिकाबाट नाइजेरिया, इजिप्ट, सेनेगल, ट्युनिसिया र मोरक्कोले प्रतिस्पर्धा गर्दैछन्। उत्तर अमेरिकाबाट मेक्सिको, कोस्टारिका र पनामा तथा दक्षिण अमेरिकाबाट ब्राजिल, उरुग्वे, अर्जेन्टिना, कोलम्बिया र पेरुले प्रतिस्पर्धा गर्दैछन्। विश्वकपमा कुल ७ सय ३६ जना खेलाडी सहभागी हुँदैछन्। तीमध्ये युरोपेली फुटबल क्लबहरूबाट व्यावसायिक फुटबल खेल्ने खेलाडी ५ सय ४४ जना छन्। यो कुल खेलाडी संख्याको ७४ प्रतिशत हो। बेलायती फुटबल क्लबहरूबाट व्यावसायिक फुटबल खेल्ने १ सय ३२ जना खेलाडी आ-आफ्नो राष्ट्रको प्रतिनिधित्व गर्दै विश्वकपमा सहभागी भएका छन्। विश्वकप २१औं संस्करणमा आइपुग्दा जम्मा ८ देशले मात्र उपाधि जितेका छन्। ती देशमध्ये सर्वाधिक पाँच पटकको विजेता ब्राजिल, साविक विजेता जर्मनी, स्पेन, फ्रान्स, अर्जेन्टिना र इङ्ल्यान्डलाई उपाधिको प्रमुख दाबेदार मानिएको छ।